का.जि.प्र.का.द.नं. १००/०५९/६०

२७ चैत २०७८,
आइतबार
10 April 2022,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ६४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# अर्थमन्त्रीमाथि उठेको प्रश्न

**नारायण अर्याल / मध्यान्ह**
काठमाडौं, २६ चैत

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीमाथि जाँचबुझ गर्न अर्थ मन्त्रालयद्वारा शुक्रबार समिति बनाएपछि नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुसार स्वतः निलम्बनमा परेका छन् । तर, तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकार मार्फत् नियुक्ति भएका अधिकारी निलम्बनमा परेसँगै अर्थमन्त्री जनार्दन शर्मा थप अप्ठ्यारोमा पुगेका छन् ।

अछामका पृथ्वीबहादुर शाहको बैंक खातामा दुई महिनाअघि करिब ४० करोड रुपैयाँ आएको थियो । नेपाल राष्ट्र बैंकले शाहको खाता रोक्का गरी अनुसन्धान सुरुवात गरेको थियो । राष्ट्र बैंककै सिफारिसमा शाहमाथि सम्पत्ति शुद्धिकरण



अनुसन्धान विभागले पनि अनुसन्धान गरिरहेको थियो। अमेरिकाको सरकारी निकाय फाइनान्सियल क्राइम इन्फोर्समेन्ट नेटवर्क (फिनसेन) ले नेपाल राष्ट्र बैंकलाई पत्राचार गरेर शाहको नाममा आएको रकम जफत गरी अमेरिकालाई नै फिर्ता गर्न अनुरोध गरेको थियो । तर सोही सन्दर्भमा अर्थमन्त्री शर्माले नेपाल राष्ट्र बैंकलाई रकम फुकुवा गर्न निर्देशन दिएको भन्ने विवादास्पद विषय सार्वजनिक भयो । अर्थमन्त्री शर्माको विवादास्पद भूमिका सार्वजनिक भएपछि उल्टै गभर्नरलाई निलम्बन गरिनुले अर्थमन्त्री शर्माप्रति नै उठेको प्रश्नले उनी थप अप्ठयारोमा पर्न पुगेका छन् ।

स्रोतका अनुसार, मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले गभर्नर अधिकारीले अर्थतन्त्रलाई धराशायी बनाएको ठहर गर्दै उनीमाथि छानविन गर्न कमिटी बनाउने निर्णय गरेको थियो । गभर्नर अधिकारीमाथि विलासी वस्तुको आयात रोक्ने लगागतका नीतिगत निर्णय – बाँकी पृष्ठ २ मा

## गठबन्धनको दुःख

# भागबण्डा मिलाउनै सकस

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २६ चैत ।



सूदुरपश्चिम प्रदेशमा जनता समाजवादी पार्टी (जसपा) ले गठबन्धन तोड्ने निर्णय गरेको छ । जसपाले प्रदेश सरकारलाई दिएको समर्थन समेत फिर्ता लिएको छ । शुक्रबार मन्त्रिपरिषद् पुनर्गठन हुँदा तीन दल (नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी) ले मात्रै निर्णय लिएको भन्दै जसपा अन्तुष्ट बनेको थियो । त्यही असन्तुष्टिका कारण जसपाले सरकारलाई दिएको समर्थन फिर्ता लिदै गठबन्धन तोड्ने निर्णय गरेको हो ।

सूदुरपश्चिम प्रदेशमा जसपासँग एक प्रदेशसभा सदस्य छन् । तर मन्त्रिपरिषद् पुनर्गठनमा ठाउँ नदिएपछि गठबन्धन तोड्न निर्णय लिनुपरेको प्रदेश अध्यक्ष कृष्णकुमार चौधरीले बताए । शुक्रबार मुख्यमन्त्री त्रिलोचन भट्टले कांग्रेसका दुई मन्त्रीर एक राज्य मन्त्री नियुक्त गरेका थिए । माओवादी केन्द्रका नेता रहेका मुख्यमन्त्री भट्टको निर्णयप्रति एकीकृत समाजवादीमा पनि असन्तुष्टि देखिएको थियो ।

मुख्यमन्त्री भट्टले एकीकृत समाजवादीका तीन जनालाई पदमुक्त गरेर कांग्रेसबाट सहभागी गराएका थिए । तर एकीकृत समाजवादी भने प्रदेश सरकारमै छ । जसपाले भने गठबन्धन तोड्ने निर्णय गरेको छ । यसअघि गठबन्धनका अर्का दल राष्ट्रिय जनमोर्चा पनि गठबन्धनबाट अलग हुने निर्णय गरेको थियो । अमेरिकी सहायता

> शक्ति समीकरण मिलाउन लगातार विवादित निर्णय गर्न समेत पछि नपरेको सत्ता गठबन्धनभित्र चुनाव नजिकिदै गर्दा समस्या बढ्दो छ । भागबण्डा नमिलेकै कारण सूदुरपश्चिम प्रदेशमा जसपाले गठबन्धन तोड्ने निर्णय गरेको छ ।

परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमीसीसी) को विपक्षमा रहेको जसपाले गठबन्धनमा नरहने निर्णय गरेको थियो । एमसीसी व्याख्यात्मक टिप्पणीसहित अनुमोदन भएपछि जनमोर्चाले गठबन्धनमा नरहने निर्णय गरेको थियो ।

तर जनमोर्चाले सरकारलाई दिएको समर्थन भने फिर्ता लिएको छैन । जनमोर्चासँग संघमा एक प्रतिनिधिसभा छन् । गण्डकी प्रदेशमा पनि जनमोर्चाका दुई सांसद छन् । जनमोर्चाले गठबन्धनबाट अलग हुने निर्णय गरेपनि गण्डकी प्रदेश सरकारलाई दिएको समर्थन पनि कायमै राखेको छ । जनमोर्चाकै कारण गण्डकी प्रदेश सरकार जोगिएको छ ।

जनमोर्चाले राजनीतिक एजेण्डामा गठबन्धनबाट अलग हुने निर्णय गरेपनि सूदुरपश्चिम प्रदेशमा भने सरकारको सहभागिताको कारण जसपा सरकारबाट अलग भएको छ । सूदुरपश्चिमकै जस्तो समस्या अन्यत्र पनि देखिने सम्भावना बढी देखिन्छ । प्रमुख विपक्षी नेकपा एमालेविरुद्ध बनेको सत्ता गठबन्धनले आगामी चुनावमा साझा उम्मेद्वार तय गर्ने निर्णय गरेको छ । तर उम्मेद्वार मनोनयनको समय नजिकिदै गर्दा साझा उम्मेद्वारको मोडालिटी समेत तय हुन सकेको छैन । हरेक जसो स्थानीय तहमा गठबन्धनका दलहरुले दावी गरेकाले सहमति जुट्न सकेको छैन ।

## ५७ विधेयक अलपत्र

# बस्नै छाड्यो संसदीय समिति

> स्थानीय चुनावका कारण विषयगत समितिले पनि विधेयक माथि छलफल गर्न पाएको छैन । किनकि सांसदहरु स्थानीय चुनावका लागि निर्वाचन क्षेत्र गएका छन् ।
>
> **दशरथ धमला**
> सूचना अधिकारी
> संघीय संसद सचिवालय



**दिवाकर अधिकारी / मध्यान्ह**
२६ चैत, काठमाडौं ।

संघीय संसद्मा हाल ५७ वटा विधेयक छ । तत्कालिन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) भित्रको विवादका कारण संसदले लामो समयसम्म कानुन बनाउन सकेन । सातौं, आठौं, नवौं र दशौं अधिवेशनले कानुन बनाउनै सकेन । तर, संसदले नागरिकता, संघीय निजामति सेवा लगायतका महत्वपुर्ण विधेयकलाई कानुनको रुप दिन सकेको छैन् । संसदमा बिचाराधीन ५७ – बाँकी पृष्ठ २ मा

## ताहाचललाई 'फेसलेस' बनाउने तयारी पूरा, नयाँ वर्षसँगै श्रम स्वीकृति पूर्णरूपमा अनलाइन

# म्यानपावरका कर्मचारी ताहचल कार्यालयमा देखिए कारबाही

**काठमाडौं / रासस–** वैदेशिक रोजगारको श्रम स्वीकृति पूर्णरूपमा अनलाइनमार्फत दिने तयारी पूरा भएको छ। आगामी वैशाख २ गतेदेखि संस्थागत श्रम स्वीकृति भनिने म्यानपावर कम्पनीमार्फत लिइने श्रम स्वीकृति अनलाइन प्रणालीबाट मात्रै जारी गर्ने भएको छ ।

भीडभाड घटेको छ। अनलाइन प्रणालीले गर्दा सेवा प्रवाहमा व्यापक सुधार भएको विभागले दाबी गरेको छ ।

श्रम स्वीकृतिका लागि सेवाग्राही तथा म्यानपावरका कर्मचारी विभागका कार्यालयमा जानुपर्ने अवस्था अन्त्य भएको छ । सम्पूर्ण सेवा 'फेसलेस'

वैदेशिक रोजगार विशेष

श्रम स्वीकृतिलगायत वैदेशिक रोजगारसँग सम्बन्धित सेवालाई प्रविधिमैत्री बनाउँदै लैजाने रणनीतिअनुसार संस्थागत श्रम स्वीकृति अनलाइनबाट जारी गर्ने व्यवस्था मिलाइएको विभागका महानिर्देशक शेष नारायण पौडेलले जानकारी दिए ।

विभागले गत माघ २ गतेदेखि पुनः श्रम स्वीकृति पनि अनलाइनबाट प्रदान गर्दै आएको छ। श्रम स्वीकृति अनलाइनबाट जारी हुन थालेसँगै वैदेशिक रोजगार कार्यालयमा हुने

बनाइसकिएको अवस्थामा बिना कारण म्यानपावर कम्पनीका कर्मचारी कार्यालयमा देखिए सम्बन्धित संस्था र व्यक्तिलाई कारबाही हुने विभागले चेतावनी दिएको छ ।

यसैबीच उक्त कार्यालयले व्यक्तिगत श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका अधिकांश नेपाली विदेशमा अलपत्र पर्न थालेपछि सरकारले त्यस्तो बाटोबाट वैदेशिक रोजगारीमा जाने व्यक्तिले स्वघोषणा पत्र अनिवार्यरुपमा भर्नुपर्ने व्यवस्था गरेको छ ।

वैदेशिक रोजगारीका नाममा भिजिट भिसा र व्यक्तिगत श्रम स्वीकृति लिएर गएका व्यक्ति अलपत्र पर्ने, ठगिने, सरकारले तोकेकोभन्दा बढी शुल्क तिर्न बाध्य पारिने जस्ता प्रवृत्ति देखिएपछि वैदेशिक रोजगार विभागले स्वघोषणा पत्र भर्नुपर्ने व्यवस्था गरेको हो। तत्कालका लागि साउदी अरेबिया, कतार, कुवेत, – बाँकी पृष्ठ २ मा

Berkeley DEFINED BY TRUST

Dubai को प्रतिष्ठित कम्पनी BERKELEY SECURITY SERVICES & BUILDING CLEANING (BR.OF BERKELEY SERVICES LLC) को कम्पनीको लागि Cleaners हरुलाई वैदेशिक रोजगारको अवसर

पुर्व स्वीकृत मितिः २०७८/१२/२२ | चलानी नं.: ६०१७७३३१ | L.T. No.: 261137

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 250 | 100 | स. काममा दक्ष | 800 | २६,२६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत ३० र २०७९ वैशाख ९ गते (13 & 22 April 2022), Hotel in Tourist Place इटहरीमा २०७९ बैशाख ७ गते (20 April 2022), र जनप्रिय होटल, पोखरामा २०७९ बैशाख ८ गते (21 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

सन लाईट ह्युमन रिसोर्स प्रा. लि.
Lic No. 689/063/064
सामाखुसी-०३, सामाखुसी टाउन प्लानिङचोक, काठमाडौं, फोनः ४३८४८३२, ४३८४८३३

Ktm Office Mob. No.: 9813172623, 9803591957,9841422188, 9847824812, 9846912202, 9869244000 | (Pokhara) 9805827782, 9856037286 | (Itahari )Mob. No.: 9804372357, 9803286759

नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार व्यवसायी एशोसिएसनको निर्वाचन सहितको ११ औं साधारणसभा सम्बन्धी सूचना

नेपाली काँग्रेसको शुभेच्छुक संस्था यस नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यवसायी एशोसिएसनको **निर्वाचन सहितको ११ औं साधारण सभा मिति २०७९ साल बैशाख ०७ गते बुधबार**का दिन आयोजना हुन गईरहेको ब्यहोरा सम्पूर्ण सदस्यज्यूहरूलाई सहर्ष जानकारी गराउदैं निर्वाचनमा भाग लिनको लागि **मिति : २०७८।१२।३० गतेभित्रमा एशोसिएसनको कार्यालयमा आईपुग्ने गरी** एशोसिएसनसँग आबद्ध सम्पूर्ण बैदेशिक रोजगार ब्यवसायी सदस्य संस्थाहरूले अनिवार्य आ-आफनो सदस्यता नवीकरण गरी आफ्नो संस्थाबाट साधारणसभामा सहभागिताको लागि प्रतिनिधि दर्ता गराई साधारणसभालाई सफलतापूर्वक सम्पन्न गराउन यहाँहरूको सक्रिय सहभागिताको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

जय नेपाल !

आबश्यक कागजातहरू
१. कम्पनीको लेटरहेडमा निवेदन
२. सेयर लगत प्रमाणपत्रको प्रतिलिपि
३. नागरिकता वा राहदानीको प्रतिलिपि
४. पार्सपोर्ट साईजको २ प्रति फोटो
५. तोकिएको लेवी

भवानी निरौला
महासचिव

नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यवसायी एशोसिएसन
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–४४६६४२८
कार्यालय सचिवः ९८५१२३७५०१ । ईमेलः ndfeefforum@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
२७ चैत २०७८, आइतबार
10 April 2022, Sunday

# 'नेपालको अर्थतन्त्र धराशायी बनेको छैन'



**काठमाडौं/मस-** शहरी विकासमन्त्री रामकुमारी झाँक्रीले नेपालको अर्थतन्त्र बजारमा हल्ला फैलिए जस्तो धराशायी नबनेको बताएकी छन् । शनिबार काठमाडौं विद्युतीय व्यवसायी संघको १२ औं वार्षिक साधारण सभालाई सम्बोधन गर्दै मन्त्री झाँक्रीले हल्ला फैलाएर बजारमा कृत्रिम अभाव सृजना गर्ने कार्य गलत भएको बताइन् ।

उनले भनिन्, 'बजारमा हल्ला फैलाइएजस्तो देशको अर्थतन्त्र धराशायी बनेको छैन । अर्थतन्त्रमा सामान्य चाप देखिनु नौलो कुरा होइन । नेपालको अर्थव्यवस्था हेरेर आत्तिइहाल्नु पर्ने अवस्था छैन ।'मन्त्री झाँक्रीले सरकारका गम्भीर तथ्यांक र गोप्य सूचना चुहाउनु अपराध रहेको बताउँदै त्यस्ता कार्य गर्नेमाथि छानबिन गर्न जरुरी रहेको बताइन् ।

सरकारका गम्भीर तथ्याङ्क र गोप्य सूचना चुहाउनु अपराध रहेको बताउँदै त्यस्ता सूचना चुहाउनेमाथि छानबिन गरी कारबाहीको प्रक्रिया अघि बढाइने उनको भनाइ थियो । खाँडी मुलुकमा भएको कच्चा तेलको मूल्यवृद्धि र रसिया-युक्रेनबीचको युद्धका केही बाछिटा नेपालको अर्थतन्त्रमा देखिएको बताउँदै यसबाट आत्तिने अवस्था आइनसकेको उनले धारणा थियो ।

# मेलम्ची बाढी पीडितलाई १४ करोड सहयोग

**देवराज सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, २६ चैत

बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले मेलम्ची बाढीले पुऱ्याएको क्षतिको अवलोकन तथा निरीक्षण गरेका छन् । अवलोकनपश्चात मुख्यमन्त्री पाण्डेले बाढीपीडित सरोकार समितिले बुझाएको ध्यानाकर्षणपत्र बुझ्दै तत्कालका लागि नदी नियन्त्रण तथा बस्ती संरक्षणका लागि भू-संरक्षणमार्फत चार करोड बजेट निकासा भएको जानकारी दिए ।

उनले द्रुतगतिमा काम गर्न निर्देशन दिँदै १० करोड रकम थप गर्ने योजना रहेकोसमेत बताए । मुख्यमन्त्री पाण्डेले यस भेगमा बाढीले अतुलनीय क्षति पुऱ्याएको भन्दै तत्काल आवश्यकता अध्ययन गरी काम थाल्न निर्देशनसमेत दिएका छन् । उनले बागमती प्रदेशका स्वास्थ्यमन्त्री निमा लामा, पशुपक्षी राज्यमन्त्री इन्द्रमाया गुरुङ, पूर्व सामाजिक विकासमन्त्री युवराज दुलाल लगायतलाई सहजीकरण गर्न आग्रह गरेका छन् ।



उनले ५० लाखभन्दा बढी बजेटको ठेक्का गर्नुपर्ने प्रदेशको प्रावधान रहेकाले हेलम्बु, मेलम्ची र पाँचपोखरीमा ५०-५० लाखको योजना बनाएर उपभोक्ता समितिमार्फत तत्काल कार्य गर्न अनुरोध गरे । पाण्डेलाई विज्ञको सुझावका आधारमा तयार पारेर मेलम्ची नगरपालिकालाई बुझाएको प्रतिवेदनका बारेमा समेत मेलम्ची नगरप्रमुख डम्बर अर्यालले जानकारी गराएका थिए ।

बाढीपीडित सरोकार समितिको तर्फबाट कार्यक्रममा समितिका संयोजक उपेन्द्र तामाङ मुख्यमन्त्री पाण्डेलाई विभिन्न माग राख्दै ध्यानाकर्षणपत्र बुझाएका थिए । त्यस्तै उनी शनिबार नै हेलम्बु क्षेत्रमा पुगी त्यहाँका स्थानीयवासीका गुनासो सुनेका छन् । असार १ र त्यसपछिको बाढीले मेलम्ची, हेलम्बु र पाँचपोखरी क्षेत्रमा ठूलो जनधनको क्षति गरेको थियो ।

# दुई आयोजनाको काम ३६ वर्षपछि शुरु

**जाजरकोट/मस-** जाजरकोटको पूर्वी क्षेत्रमा रहेका दुई ठूला आयोजना निर्माण शुरु भएको ३६ वर्षपछि कामको शुरुवात भएको छ । बारेकोट गाउँपालिका-४ र ५ मा रहेको नायकबाडा सिँचाइ योजना विसं २०४२ मा काम शुरु भएको थियो । अर्को भेरी नगरपालिकाको भुरचौरमा रहेको भुरचौर सिँचाइ आयोजनाको निर्माणका लागि समितिले अध्ययन गरिरहेको छ ।



भुरचौरको सिँचाइ योजना विसं २०४३ मा शुरु भएर बीचमै अलपत्र परेको थियो । नायकवाडाको सिँचाइ आयोजना तत्कालीन वन सहायकमन्त्री दीपबहादुर सिंहको पालामा शुरु गरिएको भए पनि बीचमै काम रोकिएको थियो । यी दुवै आयोजना निर्माण गर्नका लागि पहल नहुँदा रोकिएको अवस्थामा थिए ।

कर्णाली प्रदेशका जलस्रोत तथा ऊर्जा विकासमन्त्री गणेशप्रसाद सिंहले माघ २३ गते पद बहाली गर्दा यी दुई आयोजना निर्माण गर्नका लागि आयोजनाको अवस्था पत्ता लगाउन एक समिति गठन गर्न निर्देशन दिँदै कामको शुरुवात गरेका थिए । अध्ययन समितिले नायकबाडा सिँचाइ आयोजनाको काम गर्न सकिने निष्कर्ष निकालेको छ ।

भुरचौर सिँचाइ आयोजनाबारे विस्तृत अध्ययन जारी रहेको बताएको छ । शुक्रबार मात्र कर्णालीका जलस्रोत तथा ऊर्जा विकासमन्त्री सिंहले सातै प्रदेशका र सङ्घीय सरकारको बीचमा प्रस्तावित सिँचाइ नीतिमाथिको छलफलको क्रममा यी दुई आयोजनाका विषयमा लिखित प्रस्ताव राखेका थिए । वर्षेनी नयाँ-नयाँ योजना प्रस्ताव हुने तर काम बीचमै छाडेर जाने कार्यले गर्दा भारी काम अलपत्र परेको भन्दै पुराना आयोजना सकिने मात्र नयाँमा जानुपर्ने अन्तर्क्रियामा सहभागीले जोड दिएका थिए । आयोजना छनोट गर्दा वस्तुवादी र लगानी उठ्ने हुनुपर्नेमा जोड दिइएको थियो ।

कर्णालीको रिर्पोट खास धरातलबाट आएको भन्दै ऊर्जा तथा जलस्रोतमन्त्री पम्फा भुसालले उच्च प्रशंसासमेत गरेकी थिइन् । नायकवाडा सिँचाइ योजना निर्माण भएमा यहाँका दुईवटा वडाहरूको भारी जमिनमा सिञ्चित हुनेछन् । वर्षेनी खाद्यान्न झेल्ने बारेकोटमा यो सिँचाइ योजनाले उत्पादनमा वृद्धि गरी आर्थिकरूपमा बलियो बनाउने स्थानीयवासी जनकबहादुर शाहीले जानकारी दिए । अहिले आकाशे पानीको भरमा नायकवाडा, मैनालगायतका ठाउँमा खेती हुँदै आएको छ । धानबाली लगाउँदा आकाशे पानी हेरेर मात्र रोपाइ हुने गरेको छ । बारेकोट गाउँपालिकाको सबैभन्दा बढी खेतीयोग्य जमिन नायकबाडामै रहेको छ ।

लगानी धेरै लग्ने भएपछि यो आयोजना बीचमै अलपत्र परिएको बारेकोट गाउँपालिकाका अध्यक्ष महेन्द्रबहादुर शाहले बताए । करिब १२ किलोमिटर लामो नहरबाट नायकबाडामा पानी लिनुपर्ने अवस्था रहेको छ । प्रतिनिधिसभा सदस्य तथा पूर्वगृहमन्त्री शक्तिबहादुर बस्नेतको समेत यो आयोजनामा विशेष चासो रहेको छ । यो आयोजना निर्माण शुरु हुन थालेको सूचना पाएलगत्तै स्थानीयवासी खुसी भएका छन् ।

उता भुरचौरमा तत्काल सिँचाइ तथा खानेपानी आपूर्ति गर्नका लागि प्रदेश सरकारकै पहलमा लिप्टमार्फत पानी तानेर समस्य हल भइरहेको छ । भेरी नदीबाट पानी तानेर पानी आपूर्ति गरिएको खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालय जाजरकोटका प्रमुख ज्वालाराज शाहीले जानकारी दिए । बृहत् आयोजना भएकाले सानोतिनो लगानीले यी दुई आयोजना निर्माण गर्न नसकिने प्रमुख शाहीले बताए । आश मारिसकेको आयोजना निर्माण शुरु हुनलाग्यो भन्दा अधिकांशले जयजयकार गरेको प्रमुख शाहीले बताए ।

# लागुऔषधसहित ३ जना पक्राउ



**कञ्चनपुर/मस-** भीमदत्त नगरपालिका- ११ भुजेलाबाट प्रहरीले शनिबार तीन जनालाई लागुऔषधसहित पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय गड्डाचौकीबाट प्रहरी नायब निरीक्षक बहादुरसिंह धामीको कमाण्डमा खटिएको टोलीले २३ वर्षीय महेश गिरी, २१ वर्षीय विष्णु पाठक र २२ वर्षीय आशिष गिरीलाई पक्राउ गरेको हो । पक्राउ परेकाको साथबाट १९ दशमलव ५ ग्राम चरेस, प्रि ग्याब्लिक क्याप्सुल ६ पिस र इन्ट्रिकफ ट्याब्लेट १४ पिस बरामद गरेको जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक चक्रबहादुर शाहले जानकारी दिए । पक्राउ परेका तीनै जनामाथि प्रहरीले थप अनुसन्धानको कार्य गरिरहेको छ ।

# पत्रकार पाण्डेलाई रिहा गर्न अधिकारवादीको माग



**काठमाडौं/मस-**संयुक्त अरब इमिरेट्स (युएई)मा थुनामा परेका नेपाली पत्रकार उमाकान्त पाण्डेलाई तत्काल रिहा गर्न अधिकारवादी विभिन्न संघसंस्थाले माग गरेका छन् । काठमाडौंको माइतीघर मण्डलामा उनीहरूले शनिबार विरोध प्रदर्शन गर्दै पत्रकार पाण्डेलाई तत्काल रिहा गर्न माग गरेका हुन् । युथ कांग्रेस नेपालले आयोजना गरेको प्रदर्शनमा नेपाल पत्रकार महासंघ, एमनेस्टी इन्टरनेशन नेपाल, युनिमी नेपाल लगायतले ऐक्यबद्धता जनाएका थिए । विरोधसभामा महासंघका अध्यक्ष विपुल पोखरेलले सामाजिक सञ्जालमा लेखेकै आधारमा पत्रकार पाण्डेलाई थुनिएको आरोप लगाए ।

## अर्थमन्त्रीमाथि....

गर्नुअघि सूचना चुहावट गरेको विषयमा गम्भीर आरोप लागेको भन्दै उनीमाथि जाँचबुझ गर्न समिति बनाउने छलफल चलाइएको थियो ।

पुर्वप्रधानमन्त्री तथा प्रतिपक्ष दल नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले अर्थतन्त्र धरासायी बनाउन अर्थमन्त्री नै लागिरहेको, तर कारवाही गभर्नरलाई गरिएको भनि सार्वजनिक रुपमा आलोचना गरेका छन् । त्यस्तै मुलुकको अर्थतन्त्र समस्या परिरहेको बेलामा गभर्नरलाई कारवाही गरिने कुराप्रति पुर्वअर्थमन्त्री तथा माओवादीका नेता वर्षमान पुनले समेत असन्तुष्टि जनाएका छन् ।

भ्रष्टाचारको विषयमा नेपालमाथि नकरात्मक छबी रहँदै आएको छ । मुलुकको अर्थमन्त्रालय सम्हालिरहेका मन्त्रीले अनाधिकृत रुपमा कुनै व्यक्तिको बैंक खातामा आएको करोडौं रकम छुटाउन लागेको भनि आरोप लागिरहेका बेला गभर्नरलाई नै पदमुक्त गर्नुले उनीमाथि उठाइएको प्रश्न थप बलियो हुन पुगेको छ ।

एउटा सरकारले नियुक्ति गरेका कुनै क्षेत्रका नेतृत्व तथा पदाधिकारीलाई अर्को सरकारले निलम्बन गर्ने कुरा नेपालको राजनीतिमा एक स्तरको साधारण प्रवृत्ति नै बनेको छ । तर, आफुमाथि लागेको गम्भीर प्रश्न पन्छाउनको लागि वा विषयवस्तुको विषयान्तर होस् भन्न अर्को व्यक्तिलाई कारवाही वा निलम्बन गर्ने कुरालाई सामान्य अर्थमा लिन सकिँदैन् । अर्थमन्त्रीले आफुमाथि उठेको गम्भीर प्रश्नलाई हल गर्नुको सट्टा गलत ढंगले विषयान्तर गर्न खोजेको थप आरोप उनिमाथि थपिएको छ । जसको उत्तर दिन उनलाई कठिन हुने देखिएको छ ।

## ५७ विधेयक...

मध्ये ४२ वटा विधेयक प्रतिनिधिसभामा छ र १५ वटा विधेयक राष्ट्रिय सभामा छ ।

संघीय संसदको बैठक नै बस्न दिने प्रवृति र स्थानीय चुनावका कारण विधेयकहरु अलपत्र परेका हुन् । संसद चल्न नदिने एमाले रणनीतिले नयाँ रेकर्ड कायम गरेको छ । विगतमा २०४८ सालको चुनाव पछिको संसदमा एमालेले ५८ दिन लगातार संसद अवरुद्ध गरेको थियो । र अहिले १८७ दिनसम्म निरन्तर अवरोध गऱ्यो ।

आफुलाई मन लागेकोल विषय पास गरेरै छाड्ने सरकारको योजना पनि बिफल भएन । बजेट र एमसीसी सरकारले पास गऱ्यो । तर, मिलेर संसद चलाउनेमा सरकार र प्रतिपक्षको ध्यान जान सकेन । परिणाममा जनसरोकारको विषयमाथि छलफल नै हुन नपाएको बताउँछन् नेकपा एकीकृत समाजवादीका प्रमुख सचेतक जीवनराम श्रेष्ठ ।

'अधिवेशन अवधिभर पुरै एमाले सर्वोच्च अदालतका बिचाराधनि विषयलाई लिएर नारावाजी गऱ्यो । सरकारले पनि अत्यावश्यक कामहरु रोकेन् । बजेट पारित गऱ्यो, एमसीसी पारित गऱ्यो' श्रेष्ठले भने । २३ भदौ २०७८ देखि नै एमालेले पार्टीले कारबाही गरेका १४ जना सांदलाई सांसद पदबाट पदमुक्त गर्नुपर्ने माग राखेर संसदमा अवरोध गर्दै आएको छ । तर, यो विषय सर्वोच्च अदालतमा पनि बिचाराधीन छ । १ भदौमा एमालेले माधव नेपालसहित १४ जना सांसदलाई कारबाही गरेको थियो ।

२ भदौमा नेपाल आफ्नै नेतृत्वमा नयाँ पार्टी गठनमा लागि नविाृचन आयेग गए । आयोगले ९ भदौमा नेपाल नेतृत्वको पार्टी (नेकपा एकीकृत समाजवादी)लाई मान्यता दियो ।

तर, यो बीचमा सभामुखले माधव नेपालसहितका सांसदहरु कारबाहीमा परेको सुचना टाँसेनन् । माधव नेपाल नेतृत्वमा नयाँ पार्टी दर्ता भइसकेपछि १३ भदौमा सभामुखले एमालेको पत्रबारे केही गर्नुनपर्ने निर्णय दिए । तर, एमाले सभामुखले समयमै सूचना नटासेको भनेर सर्वोच्च अदालतमा मुद्दा दियो । र एमालेले संसदमा पनि अवरोधको नीति लियो । सभामुखले पटक-पटक सर्वोच्चमा बिचाराधीन विषयमा संसदमा छलफल हुन नसक्ने संवैधानिक दायरा देखाएर अवरोध खोलन आग्रह गरे ।

तर, एमालेले सभामुखको आग्रह सुनेन । बरु सभामुखै राजनीनिामा माग्यो । कि १४ जना सांसद कारबाहीमा परेको सूचना टाँस गर्नुपर्ने कि सभामुखले राजीनामा दिनुपर्ने भनेर एमालेले संसदमा एमालेले १८७ दिनसम्म निरन्तर अवरोध गऱ्यो ।

तर, नेकपा एमाले संसद अवरोध आफुहरुको बाध्यता भएको बताउँछन् । सरकारले विपक्षीलाई साथमा लिएर संसद चलाउन नसकेको पुष्टि भएको बताउँछिन एमाले सचेतक शान्ता चौधरी । 'सरकारले विपक्षीलाई साथमा लिएर सदन चलाउनुपर्छ । तर, सरकार र सभामुख पुर्णत असफल भएको देखिन्छ । सफल हुन विपक्षीका कुरा सुनेर सदन चलाउन सक्नुपर्दथ्यो' उनले भनिन् ।

तर, नेपाली कांग्रेसकी सचेतक पुष्पा भुसाल एमालेको अलोकतान्त्रिक चरित्र उदागिंएको बताउँछिन् । 'लोकतन्त्रमा प्रमुख विपक्षी जति जिम्मेवार हुन्छ त्यस लोकतन्त्र सुदृढ हुन्छ । तर, दशौं अधिवेशन अधिवेशन अन्त्य हुँदै गर्दा भन्न सकिन्छ एमालेको अलोकतान्त्रिक चरित्र थप उदागियो ।' तर, सरकार स्वंमले पनि तदारुकता नदेखाउँदा विधेयकहरु संसदमा अड्किएर रहेका हुन् ।

संघीय संसद सचिवालयका सूचना अधिकारी दशरथ धमला भन्छन्, 'स्थानीय चुनावका कारण विषयगत समितिले पनि विधेयकमाथि छलफल गर्न पाएको छैन् । किनभने सांसदहरु स्थानीय चुनावका लागि निर्वाचन क्षेत्र गएका छन् ।'

## ताहाचललाई ...

संयुक्त अरब इमिरेट्स (युएई), क्रोएसिया, अल्बानिया, पोल्यान्ड, रोमानिया, स्लोभाकिया, हङ्गेरी, माल्दोभा र बेलारुसमा भिजिट भिसा तथा तथा व्यक्तिगत श्रम स्वीकृतिमा जाने व्यक्तिले स्वघोषणा पत्र अनिवार्यरुपमा भर्नुपर्ने विभागका महानिर्देशक पौडेलले जानकारी दिए ।

वैदेशिक रोजगारीमा व्यक्तिगतरुपमा जाने श्रमिकले श्रम स्वीकृति लिँदा नै त्यस्तो स्वघोषणा भर्नुपर्ने छ । उक्त व्यवस्था आगामी वैशाख २ गतेदेखि कार्यान्वयनमा आउने विभागले जनाएको छ । विभागले 'व्यक्तिगत श्रम स्वीकृति लिने प्रक्रियासम्बन्धी निर्देशिका-२०६९' अनुसार सो व्यवस्था लागू गरेको हो ।

व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारीमा जाने श्रमिकले राहदानीको प्रतिलिपि, सम्बन्धित सरकारबाट जारी प्रवेशाज्ञाको प्रतिलिपि, रोजगार सेवा, सर्त, सुविधा र तलब (पारिश्रमिक) स्पष्ट उल्लेख भएको करार वा सम्झौतापत्रको प्रतिलिपि दूतावासमा पेश गर्नुपर्नेछ ।

रोजगारदाताको इजाजत दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्पोन्सरको परिचयपत्रको प्रतिलिपि, रोजगारदाता कम्पनीको ट्रेड लाइसेन्सको प्रतिलिपि वा निजी कामदारको हकमा रोजगारदाताको राहदानी वा परिचयपत्रको प्रतिलिपि, संस्थामा जाने कामदारका हकमा कम्पनीको संक्षिप्त विवरण र गन्तव्य मुलुकको सरकारले रोजगारादता संस्थालाई वा स्पोन्सरलाई दिएको पत्र स्वीकृतिपत्र पेश गर्नुपर्ने विभागले जनाएको छ । व्यक्तिगत श्रममा जाने व्यक्तिले रोजगारदाता कम्पनी वा स्पोन्सरमार्फत अंग्रेजी भाषामा अनुवाद गरिएका कागजात प्रमाणीकरणका लागि दूतावासमा दिनुपर्नेछ ।

# 'पर्यटन व्यवसाय फस्टाउँदो'

**गलकोट/मस-** राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले नेपालमा पछिल्लो समय पर्यटन व्यवसाय फस्टाउँदै गएको बताएका छन् । उनले धार्मिक, भौगोलिक र शैक्षिक पर्यटनको गतिविधि बढेकाले नेपालमा कल्पना गरेभन्दा बढी पर्यटक आउने सम्भावना रहेको बताए ।

चैतेदशैंको दिन बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समितिले बागलुङमा शनिबार आयोजना गरेको चैतेदशैं मेलामा अध्यक्ष तिमिल्सिनाले धार्मिक पर्यटकको सम्भावना नेपालमा बढेर गएको उल्लेख गरे । बागलुङ कालिका, लामो झोलुङ्गे पुल, मुक्तिनाथलगायत क्षेत्रमा पर्यटकको चाप अत्यधिक रहेको उनको भनाइ छ ।



'चैतेदशैं बागलुङको पहिचानमात्रै नभएर नेपालकै पहिचान बनिसक्यो, अहिले कालिका मन्दिरमा टेक्ने ठाउँ छैन', अध्यक्ष तिमिल्सिनाले भने, 'अब नेपालमा कल्पना गरेभन्दा बढी पर्यटकीय गतिविधि हुनेछ ।' उनले रामरेखाबाट अदुवाबारी जोड्ने लामो झोलुङ्गे पुलका कारण बागलुङ र पर्वतको पहिचान अन्तर्राष्ट्रियकरण भएको बताए ।

उनले ढोरपाटन, पञ्चकोट, शालग्राम सङ्ग्रहालय, कालिका मन्दिर र पञ्चकोटका कारण बागलुङमा दिनानुदिन पर्यटकीय गतिविधि बढिरहेको बताउँदै यहाँ सुविधाका लागि होटल, सुरक्षालगायत संरचना बढाउँदै लैजानुपर्नेमा जोड दिए ।

आगमी स्थानीय तहको निर्वाचनमा निष्पक्ष, भयरहित र चाहेको व्यक्तिलाई भोट हाल्ने वातावरण बनाउन सरकार, राजनीतिक दल र सुरक्षा निकायले ध्यान दिनुपर्नेमा उनको जोड थियो । तिमिल्सिनाले जननिर्वाचित व्यक्ति सत्ता र शक्तिका लागि मरिमेट्न थालेको बताउँदै जनप्रतिनिधिले जनताको हितमा काम गर्नुपर्ने उल्लेख गरे ।


## श्री सार्वजनिक माध्यमिक विद्यालय

गल्याङ नगरपालिका (१, मालुङ्गा, स्याङ्जा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम प्रटक प्रकाशित मिति : २०७८/१२/२७**

यस कार्यालयबाट आव्हान गरिएको तपसिल बमोजिमको बोलपत्रको लागि तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृतको लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | कार्यक्रमको नाम | ठेक्का नं | बोलपत्रदाताको नाम | बोलपत्रदाताको कबोल अंक (मू.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | Construction of Academic Block 8 Rooms Building of Shree Sarbajanik Secondary School, Galyang-1, Malunga, Syangja | SC/SYA/ WORKS/2078-79/ NCB-01 | Uttarbahini Nirman Sewa, Galyang-01,Syangja | 11,107,948.84 |

**प्रधानाध्यापक**

# स्थापना दिवसको अवसरमा जनचेतनामूलक कार्यक्रम

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, २६ चैत



माइती नेपाल नेपालगञ्जले ३०औँ स्थापना दिवस विभिन्न जनचेतनामूलक कार्यक्रम गरेर मनाएको छ । 'हाम्रो आवाज चेलिबेटी बेचबिखनबाट मुक्त समाज' भन्ने नाराका साथ माइती नेपालले आफ्नो स्थापना दिवस विभिन्न जनचेतनामूलक कार्यक्रम गरी मनाएको हो । माइती नेपालले युद्ध संस्कृत माध्यमिक विद्यालयमा मानव बेचबिखन तथा ओसार-पसारविरुद्ध विद्यालय स्तरीय अभिमुखीकरण कार्यक्रम सम्मपन्न गरेको हो ।

यस्तै चैत्र २४ गते नेपाल-भारत सीमा जमुनहा लगायतका स्थानमा सडक अन्तरक्रियासहित जनचेतनामूलक पोष्टर, पम्पलेट वितरण गरेको माइती नेपालले जनाएको छ । सस्थाले समुदाय स्तरसम्म स्थानीय विद्यार्थी, युवा, अभिभावक समेतको समूह गठन गरी थप शशक्तिकरण, सरकारी र गैरसरकारी निकायहरुको दायित्व बोध एवं क्रियाशीलतामा बृद्धि, अन्तरदेशीय संयन्त्र निर्माण गर्दै आएको छ ।

यसैबीच माइती नेपालले एक वर्षको अवधिमा जोखिमपूर्ण अवस्थामा रहेका ४ सय ९९ जना महिला तथा बालबालिकालाई नेपाल-भारत सीमानाकाबाट उद्धार गरेको छ । यस्तै छिमेकी मुलुक भारत तथा खाडीमुलुकबाट १० जना, घरेलु हिंसाका १८ वटा घटनामा परामर्श प्रदान गरिएको माइती नेपाल नेपालगन्जका संयोजक केशव कोईरालाले जानकारी दिए ।

# आचारसंहिता कक्षालाई काउन्सिलले दियो निरन्तरता

**काठमाडौं/मस-** प्रेस काउन्सिल नेपालले अनलाइन पत्रकारितालाई व्यवस्थित र जिम्मेवार बनाउन 'पत्रकार आचारसंहिता अभिमुखीकरण कार्यक्रम' लाई निरन्तरता दिएको छ । हरेक साताको शुक्रबार गर्ने यस कार्यक्रम अन्तर्गत अनलाइन दर्ताअघि सञ्चालक, सम्पादक र प्रतिनिधिले अनिवार्यरूपमा अभिमुखीकरणमा सहभागी हुनुपर्नेछ ।

शुक्रबार तेस्रो साता नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष एवं विषय विज्ञ शिव गाउँलेले पत्रकारले गर्न हुने र नहुने बुँदाबारे प्रकाश पार्दै आचारसंहिता पत्रकारको मूलमन्त्र भएको बताए ।

विभिन्न अनलाइन, पत्रपत्रिकामा आएका समाचारका विषयवस्तुबारे उदाहरण दिँदै उनले पत्रकारितामा सानो गल्तीले ठूलो दुर्घटना निम्ताउने भएकाले सजगता अपनाउनु पर्ने बताए ।

उनले पत्रकार आचारसंहिताको पालनाबाट मात्रै स्वच्छ पत्रकारिताको विकास हुने भन्दै आफूले लेखेको समाचारबारे आफैँलाई प्रश्न गरेर प्रकाशित गर्न सकेमा पनि धेरै गल्ती हट्ने बताए । सम्पादकीय स्वतन्त्रता, गोपनीयताको हकको सम्मान, गल्ती सच्चाउन तत्परता, समाचारको स्रोत एवं सामाजिक दायित्वबारे जानकारी दिँदै उनले अरूको समस्या पनि पत्रकारले आफ्नै समस्या मानेर कलम चलाउनुपर्ने धारणा राखे ।

उनले अभिमुखीकरण कार्यक्रमलाई तीव्र बनाएर काउन्सिलले राम्रो शुरूवात गरेको र यसलाई निरन्तरता दिनुपर्ने सुझाव समेत दिए ।

काउन्सिलका बोर्ड सदस्य एवं विषय विज्ञ दीपक पाण्डेले काउन्सिलले जारी गरेका विभिन्न निर्देशिकाहरूबारे जानकारी दिए । बालमैत्री, ज्येष्ठ नागरिकमैत्री, अपाङ्गतामैत्री तथा महिला उत्तरदायी सञ्चार निर्देशिकाहरूको कसरी व्यवहारमा कार्यान्वयन गर्न सकिन्छ भन्ने विषयमा उनको प्रस्तुति थियो ।

काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले काउन्सिलले नयाँ अनलाइन सूचीकरण हुँदा अनिवार्य आचारसंहिता अभिमुखीकरणमा सामेल हुनुपर्ने अभ्यासले सचेतना बढ्ने विश्वास व्यक्त गरे । उनले काउन्सिलले आचारसंहिता र विभिन्न निर्देशिकाबारे जागरण ल्याउन विज्ञहरूको रोष्टर बनाइ अभिमुखीकरणलाई निरन्तरता दिइएको बताए । प्रेस स्वतन्त्रता र उत्तरदायी पत्रकारिता एकै सिक्काका दुई पाटा भएको भन्दै उनले अभिमुखीकरणलाई निरन्तरता दिने बताए ।

सहभागीमध्ये आवश्यक प्रक्रिया पुगेका अनलाइन सञ्चार माध्यमलाई प्रमाणपत्र र आचारसंहिता उल्लेखित फ्लेक्स वितरण गरिएको थियो । कार्यक्रममा मुख्य अधिकृत झविन्द्र भुसाल, उपप्रशासकीय अधिकृत रामशरण बोहरालगायत विभिन्न नयाँ अनलाइन सञ्चारमाध्यमका भौतिकरूपमा ३० र जुममार्फत विभिन्न जिल्लाका १९ जनाको सहभागिता रहेको थियो ।

# डढेलो नियन्त्रणका लागि अभ्यास



**माधव बेल्वासे/मध्यान्ह**
चन्द्रौटा, २६ चैत

कपिलवस्तुको शिवराज नगरपालिका-९ का नागरिकलाई डढेलो नियन्त्रणका लागि तालिम प्रदान गरिएको छ । तेस्रो ध्रुव संरक्षण, दुर्लभ प्रजाति कोष र ध्वाँसे चितुवा संरक्षण समूहको सहयोगमा डढेलो नियन्त्रण गर्ने उपाय लगायत आगो नियन्त्रण गर्नका लागि आवश्यक सामग्रीसमेत प्रदान गरिएको छ ।

सामागी हस्तान्तरण गर्दै डिभिजन वन कार्यालय गौतमबद्धका प्रमुख दधिलाल कँडेलले वन डढेलोलाई रोक्न स्थानीयहरू जागरूक हुनुपर्ने बताए । नेपालमा डढेलोका कारण वर्षेनी क्षति हुने गरेको बताउँदै यसलाई नियन्त्रण गर्न विभिन्न संघ-संस्थाले अभ्याससँगै सामग्री प्रदान गरेकोमा धन्यवाद् व्यक्त गरे । डिभिजन अन्तर्गतका विभिन्न नीजि, सामुदायिक तथा साझेदारी वनहरूमा गर्मी याममा आगलागीको उच्च जोखिम रहेकोले सतर्कता अपनाउनुपर्ने उनको भनाई थियो । सामान्य लापरबाहीले सिंगो वन नै मासिने भएकोले कसैले पनि लापरबाही गर्न नहुने उनको भनाई थियो ।

डढेलो नियन्त्रण गर्नको लागि फारलाईन सफा गर्ने, पात पंतिगरहरु जम्मा गरेर जलाउने, अनावश्यक वस्तुलाई मानिसको नियन्त्रणमा राखेर जलाउनुपर्ने उनको भनाई छ ।

अग्नि प्रतिरोधक सुट, वाटर स्प्रे, हेलमेटलगायत डेढ लाख बरावरको सामग्री सामुदायिक वनलाई वितरण गरेको तेस्रो ध्रुव संरक्षणका निर्देशक गंगाराम रेग्मीले बताए । वनमा रहेको वन्यजन्तुलाई सबै मिलेर बचाउनुपर्ने भन्दै वितरण गरिएका सामग्रीले आगो नियन्त्रणमा सहज पुग्ने रेग्मीले बताए ।

सामग्री बुझ्दै अजम्मरी सामुदायिक वनका अध्यक्ष सुक माया विकले आगो नियन्त्रण गर्ने तालिम पाएकोमा खुसी व्यक्त गरिन् । कतिपय समयमा आगो निभाउँदै गर्दा आगोमा पर्ने तथा जल्ने समस्या देखिएकाले अग्नि प्रतिरोधक सामग्रीहरूले सहज हुने उनको बिस्वास छ ।

अग्नि नियन्त्रण अभ्यासलाई सहायक वन अधिकृत संजय मिश्र, गणेश चौधरी र गणेश पुरीले सहजिकरण गरेका थिए ।

# समाजसेवी सुनारद्वारा विद्यालयलाई सहयोग



**लमजुङ/मस-** गैरआवासीय नेपाली संघ (एनआरएनए) यूकेका प्रमुख संरक्षक शेरबहादुर सुनारले बागिश्वरी माध्यामिक विद्यालयलाई २० लाख रुपैयाँ आर्थिक सहयोग गरेका छन् । लमजुङको दुधपोखरी गाउँपालिका वडा न. २ बिचौरमा आयोजित कार्यक्रममा समाजसेवी सुनारले विद्यालयको शैक्षिक भौतिक क्षेत्रको विकासका लागि रकम प्रदान गरेका हुन् । बागिश्वरी माध्यामिक विद्यालयका पूर्वविद्यार्थी समेत रहेका सुनारले आफू जन्मेको ठाउँ र पढेको विद्यालयलाई सहयोग गर्न पाउँदा खुशी लागेको बताए । साथै आगामी दिनमा पनि पुस्तकालय निर्माणमा सहयोग गर्ने उनले प्रतिवद्धता जनाएका छन् ।

उनले आफूले अध्ययन गर्दा कथित तल्लो जातको भनी माटोको भाँडामा पानी पिउँदा भाँडो नै फुटाउने गरेको स्मरण गर्दै अब यस्तो विभेद् नहोस् भन्ने अभिप्रायले तामाको गाग्री हस्तान्तरण गरेको बताए । समाजसेवी सुनारले विद्यालयलाई यसअगाडि पनि १० लाख रुपैयाँ सहयोग उपलब्ध गराएका थिए ।

बेलायतमा रहँदा विभिन्न नेपाली संस्थाहरुलाई सहयोग गर्नुको साथै सामाजिक क्षेत्रमा उल्लेखनीय योगदान उनले पुऱ्याउदै आएका छन् । सहयोग ग्रहण गर्दै विद्यालयका प्रधानाध्यापक हरिनारायण दवाडीले समाजसेवीहरुको सहयोगले विद्यालयको शैक्षिक गुणस्तरमा हमत्वपूर्ण योगदान पुग्ने बताए ।

# स्टार अस्पतालद्वारा नि:शुल्क स्वास्थ्य शिविर तथा औषधि वितरण

**काठमाडौं/मस-** स्टार अस्पतालले ललितपुर महानगरपालिका-२० स्थित पानीबहालमा नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ । अस्पतालले 'स्वास्थ्य, सङ्गीत र सम्पदा' भन्ने मूल नाराका साथ सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत शिविर सञ्चालन गरेको हो । वरिष्ठ चिकित्सकको सहयोगमा शिविरमा स्थानीय तथा पानीवहाल आसपास क्षेत्रका बिरामी तथा सर्वसाधारणको सामान्य परीक्षण, ज्येष्ठ नागरिकका लागि विशेष परीक्षण, प्रसूतिका साथै पेटसम्बन्धी रोगको जाँच गरिएको छ ।



ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले नयाँ अवधारणाबाट सञ्चालित शिवरबाट आफ्नो नगरवासी लाभान्वित हुने विश्वास व्यक्त गरे । प्रधानमन्त्री कार्यालय तथा मन्त्रिपरिषद्का चिकित्सक डा. शैल रुपाखेतीले मानिसले आफ्नो स्वास्थ्यजीवन कायम राख्न आहारविहारमा संवेदनशील हुनुपर्नेमा जोड दिए ।

उनले स्वास्थ्य र सङ्गीतकाबीचमा सुमधुर सम्बन्ध रहेको बताउँदै ऐतिहासिक सम्पादास्थलको संरक्षण गरी पर्यटन प्रवर्द्धन गर्ने नारा उपयोगी रहेको विचार व्यक्त गरे । अस्पतालका कार्यकारी अध्यक्ष किशोरकुमार महर्जनले थला नपरिकन अस्पताल जाने प्रचलन नरहेको अवस्थामा केही स्थान तथा क्षेत्र लक्षित गरी घरदैलोमा शिविर सञ्चालन गरेको बताउँदै ती बिरामीको थप परीक्षण तथा उपचारमा अस्पतालले २० प्रतिशतसम्म छुटका व्यवस्था गरेको जानकारी दिए ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७८/१२/२७

यस कम्पनीको मिति २०७८/१२/१८ मा सम्पन्न विशेष/बार्षिक साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **चिची ग्रिल्ड एण्ड फुड होम प्रा.लि. (प्रा.लि. नं. १८७८४९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिबर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/१२/२२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **चिची ग्रिल्ड एण्ड रेस्टुरेन्ट प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## Mai Municipality
## Office of the Municipal Executive
Sitali, Ilam
Province no. 1, Nepal

**Invitation of Bids for the Following Works**

**( First Date of Publication: 2078/12/27)**

Mai Municipality invites Electronic Bids for the Procurement of Following Works under National Competitive Bidding (NCB) Procedures. Bid document may be downloaded from PPMO website www.bolpatra.gov.np/egp. Bidders may obtain further information at the office of **Mai Municipality, Office of Municipal Executive, Sitali, Ilam ( maimun.gov.np )**, may email on the email address (**mainagarpalika@gmail.com**) , or may call on (**9852639111**) at office time.

| S.N | Name of Project | Contract ID | Estimated Cost Nrs ( With Vat & Ps) | Cost of Bidding Document (Nrs) | Bid Security & Validity | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Laxmi Adarsha Ma. Bi. School Toilet . | MM/SQ/ WORKS/06/078/79 | 14,65,541.49 | 1000.00 | 36,000.00 (75Days) | SQ |
| 2 | Fabrication of Steel Parts and Transportation up to Road heads of Sukhani Khola Suspension Bridge | MM/NCB/ GOODS/03/078/79 | 45,11,724.00 | 3000.00 | 1,13,000.00 (120 Days) | NCB |

प्रमुख प्रशासकीय अधिकृत

**कुवेतमा रोजगार।** कम्पनी: GREEN SPRING GROUP CO. GENERAL TRADING & GROUP W.L.L.
शहर : KUWAIT

पूर्व स्वीकृत मिति: २०७८/१२/१५ चलानी नं.: ६०१७७५३२ L.T. No.:258610

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 20 | 0 | स. काममा दक्ष | 120 | ४७,७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख ४ गते (17 April 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**GRAND SUITE JOB PVT. LTD.**
Koteshwor-32, Kathmandu, Tel : 5100475, Fax : 5100475
E-mail: info@grandsuitejob.com, Web.: www.grandsuitejob.com.np
श्रम इजाजत नं.: ८८०/०६७/०६८

**HOSPITALITY & HOTEL MANAGEMENT COURSES**

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै बारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इन्स्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगरौं ।

Hotel Training Diploma 1750 Hrs Rs 160,000
F&B Service, Production, HK, Barista, FO, CSA
English Free Jobs.

Short Courses
• Interview Tips • English Language • Service Staff Training
• Customer Service & Skill Development Training

GET TRAINED & DEVELOPE YOUR PERSONALITY

After Training 100% Job Guarantee !

तालिमपछि रोजगारको ग्यारेन्टी

VICTORIA INTERNATIONAL
VICTORIA INTERNATIONAL
HOTEL TRAINING & INSTITUTE PVT. LTD.
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२७ चैत २०७८, आइतबार
10 April 2022, Sunday

## सम्पादकीय

# अनुचित यात्रा

राष्ट्र बैंकका गर्भनर महाप्रसाद अधिकारी निलम्बन गर्ने सरकारको निर्णय विवादित बनेको छ । विशेषगरी प्रमुख विपक्षी दल नेकपा एमालेले राष्ट्र बैंकका गर्भनर अधिकारीलाई निलम्बन गर्ने निर्णयप्रति आपत्ति जनाएको छ । एमाले नेतृत्वकै सरकार हुँदा अधिकारी गर्भनर नियुक्त भएका थिए । तर सरकारले विभिन्न आरोप लगाएर गर्भनर अधिकार निलम्बन गरी कामू गर्भनर तोकेको छ । सरकारको निर्णयप्रति सत्तारूढ दलभित्रै असन्तुष्टि देखिएको छ । सम्भावित आर्थिक संकट हल गर्न विभिन्न पक्षबीच समन्वय गरेर अगाडि बढ्नुपर्नेमा गर्भनर निलम्बनको निर्णय समाज विभाजित बनेको सरोकारवाला पक्षको चिन्ता छ । तर आर्थिक संकट रोक्न सरकारको निर्णयमा साथ नपाएको भन्दै निलम्बनको निर्णय गरेको छ । अब गर्भनर निलम्बन गर्ने निर्णयले निकास नपाएसम्म यसबारे थप बहस हुनेछ ।

गर्भनर निलम्बन अगाडि सरकारले अर्को विवादित निर्णय गरेको थियो । प्रधानमन्त्री शेरबहादुर देउवाले गैरसांसद गोविन्द बन्दीलाई कानून मन्त्री नियुक्त गरेका थिए । जबकी संविधानको भावना गैरसांसदलाई मन्त्री नबनाउने हो । मन्त्री बनेको ६ महिनाभित्र सांसद नबने स्वतः पदमुक्त हुने प्रावधान गर्न'को पछाडि सांसद नै मन्त्री बन्नुपर्छ भन्ने हो । अघिल्ला प्रधानमन्त्री केपी शर्मा ओलीले पनि गैरसांसदलाई मन्त्री बनाएका थिए । उक्त निर्णय विवादित मात्रै भएन, सर्वोच्च अदालतले बदर समेत गरिदियो । तर ओली नेतृत्व सरकारले संविधान मिच्ने प्रयत्न गरेको भन्दै त्यसविरूद्धको संघर्षमा बनेको गठबन्धन सरकारले पनि संविधानको भावना बिपरीत निर्णय गरेको छ ।

गर्भनर निलम्बन गर्ने र गैरसांसदलाई मन्त्री बनाउने मात्रै नभएर वर्तमान सरकार अन्य कयौं निर्णय विवादास्पद बनेको छ । मन्त्रिपरिषदलाई पूर्णता दिने क्रममा प्रधानन्यायाधीशलाई मन्त्री कोटा दिएपछि नै यो सरकार विवादित बन्न थालेको थियो । त्यसअघि राजनीतिक दल सम्बन्धी अध्यादेश ल्याएर संविधानको मूल मर्मबिपरीत निर्णय लिएका थिए । विपक्षी दल एमालेको विश्वास जित्नुको साटो पेलेर संशोधित बजेट ल्याउने, जनआक्रोश हुँदाहुँदै एमसीसी अनुमोदन गराउने, राजदूत सिफारिसदेखि विभिन्न नियुक्तिमा समेत सरकार विवादित बनेको छ । लगातार विवादित बनिरहेको सरकारले स्थानीय चुनाव समेत बेलामा गराउन चाहेको थिएन । तर चर्को दबावकै कारण स्थानीय चुनावको निर्णय गरेको सरकार संविधानको कार्यान्वयन र नागरिकको पक्षमा काम गर्न लगातार चुक्दै गएको छ । यसको मूल्य भने विधिको शासन, संविधानको सर्वोच्चता र नागरिक सम्प्रभुतामाथि परिरहेको छ ।

# आदर्श समाज निर्माणमा राम नवमी

*धर्तीमा रहेको प्रदूषणलाई हटाई आदर्श घर, परिवार र राज्य स्थापना गर्न बेलाबखत धर्तीमा देखिने दुष्ट राजाहरूको अन्त्य गर्न पूरै धर्तीलाई दुष्परिणामबाट बचाउने क्रममा श्रीरामको उदय भएको पावनदिनलाई रामनवमीको नामले पुकारिन्छ ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

भागवतमा अहं सर्वेषु भूतेषु भनिएको छ, अर्थात् ईश्वर सबै प्राणी जगत्मा रहेका छन् । पूर्वीय चिन्तनमा परमेश्वरको चर्चा सबैतिर पाइन्छ । परमेश्वर, परमतत्व, ब्रह्मभाव सबै जीवात्मामा निराकार रूप लिएर चित् स्वरूपमा रहेको र जगत्मा सगुण, साकार स्वरूप लिएर सर्वत्र, सर्वव्यापी भएको कुरा धर्मशास्त्रहरूले व्याख्या गरेका छन् । हाम्रा श्रुति (वेद)हरूले परमतत्व जीवात्मामा आराम तत्व लिएर हर प्राणीमा राम रहेको कुरा पुष्टि गरेका छन् भने स्मृति (पुराण)हरूले परमेश्वरका परम लीला प्रसंग, अवतार कथाहरू अत्यन्त रसिलो ढंगले प्रस्तुत गरेका छन् । परमेश्वरका अनेक अवतारहरू मध्ये त्रेतायुगीन ज्ञानको युग मानव जीवनको अध्ययनको आरम्भदिन स्मरणस्वरूप चैत्रशुक्ल मध्याह्न वाह्रबजे धर्तीमा अवतरित श्रीराम अवतारलाई श्रीहरिको पूर्ण र शान्त अवतारको रूपमा मानिएको छ । अयोध्या नरेश दशरथका कुलमा कौशल्याको गर्भबाट प्रकट भएका श्रीराम अघि स्वायम्भूमनु एवम् शतरूपा महारानीका तीनवटा बरदान पूरा गर्ने क्रममा प्रथम पुत्रका रूपमा श्रीराम भई धर्तीमा अवतरित भएका प्रसंगहरू प्रशस्त पाइन्छन् ।



संस्कृत साहित्यका आदिकवि वाल्मीकिले रामायणको विशद् चर्चा गरेका छन् । यद्यपि वाल्मीकि शुरूमा एक व्याधा थिए । मरा, मरा भन्ने नाम जप्दा राम राम भन्ने शब्द उच्चारण हुन पुगी तपश्वी साधकका रूपमा श्रीरामका पावन कथा प्रसंगहरूको सविस्तार उल्लेख गर्न पुगेका वाल्मीकिका मुखबाट स्वयम् वेद प्रस्तुत भई रामायणको एक रूप लिएको प्रसंग पनि यत्रतत्र भेटिन्छन् । सबै मानिसका लागि बेद सरल र सहज छैन परंन्तु आज वेदको सविस्तार वर्णित रामायणको गाथा विभिन्न भाषामा समेत प्रस्तुत हुँदै संसारभरि फैलिएको छ ।

रामको गाथा गाइएको रामायण साँच्चै साहित्यको आधार नै हो । भनिन्छ, जसले रामको नाम लिन्छ, रामायण काव्यको अध्ययन गर्छ ऊ स्वयम् कवि बन्न पुग्छ । आज विश्वभरि नै चर्चा पाएको रामायण, महाभारत र गीताशास्त्रले सम्पूर्ण भवरोगको औषधि दिन्छ भनिएको छ । शोक, भय, चिन्ता व्याकुलतामा परेकाहरूको सही र शुद्ध औषधि तत्व भनेको रामायण पाठ, रामको स्मरण मन्त्रोच्चारण, श्रीरामको कथा अवतार र पावन लीलाहरूको संकीर्तन नै हो । व्यवहार परस्त तुलसीदास सन्त भए रामकै कृपाले, हिन्दी भाषाका कवि मैथिली भाषादेखि नेपाली भाषाका अदिकवि भानुभक्त आचार्य समेतले रामायणको चर्चा गर्न छाडेका छैनन् । अजन्मा भएर पनि स्वर्गलाई भन्दा धर्तीलाई प्यारो गर्ने, धर्तीका समस्त जीवहरूको उद्धार गर्ने मानव जीवनका आदर्शको संकेत दिने श्रीराम स्वयं महालक्ष्मी सीतालाई लिएर धर्तीमा प्रस्तुत हुँदा बह्माण्डका सारा विषय बासनाहरू समेत मोहित बन्न पुग्छन् । धर्तीमा रहेको प्रदूषणलाई हटाई आदर्श घर, परिवार र राज्य स्थापना गर्न बेलाबखत धर्तीमा देखिने दुष्ट राजाहरूको अन्त्य गर्न पूरै धर्तीलाई दुष्परिणामबाट बचाउने क्रममा श्रीनारायणबाट श्रीरामको उदय भएको पावनदिनलाई रामनवमीको नामले पुकारिन्छ ।

दशरथले राममा पाएको पितृस्नेह, पत्नीब्रत धर्म अर्धाङ्गिनी सीताको स्वभाव, भरतप्रतिको उदारभाव, शत्रुघ्नको सेवाभावले आज पनि जीवनोपयोगी यथार्थ र आदर्श समाज निर्माणमा थप सन्देश दिएको छ । रामायण मानव जीवनको यथार्थपरक आस्था हो, व्यवहारत एउटै कडी हो जसबाट नजीकै आएको राज्य सुख, भोग, ऐस आरामलाई सीधै तिरस्कार गरी सरल र पवित्रोत्तम जीवन सञ्चालन गर्न सबैलाई संस्मरण गराउँछ । राम बनवास जाँदा दुखी छैनन् र राज्य प्राप्तिमा हर्षित पनि देखिन्नन् । जीवनका लागि यो भन्दा ठूलो त्याग के पाइन्छ । बाबुको बचनलाई एक रत्तिभर उल्लंघन नगर्ने मर्यादाका प्रतिक श्रीराम आदर्श पति आदर्श पुत्र आदर्श भाइ र आदर्श राजासमेत हुन् । सदाचारको आदर्श र व्यवहार प्रयोगको असल नमूना रामायणले हर मानवलाई अनुशासित बन्न प्रेरित गर्दछ । गृहस्थ जीवनका लागि रामायण सर्वोत्कृष्ट र सर्वोत्तम शास्त्र हो ।

नेपालको भूमि, जानकीको जन्मभूमि जनकराजाको जन्म र कर्मथलो पूर्वीयचिन्तनको भण्डार जनकपुरक्षेत्रमा सत्संगकै क्रममा राजा जनकले देवर्षि नारदसँग भगवान्को अवतार प्रसंगबारे प्रश्न राख्दा भगवान्का अंशांश, अंश, आवेश, कला, पूर्ण एवम् परिपूर्णतम् गरी मुख्य ६ अवतार बताइएको थियो । पूर्वीय दर्शनमा बहुदेवता विविधताको चर्चा भएको छ । सृष्टिका उषाकालमा मरिचि आदि ऋृषिमुनिहरूलाई अशांशका अवतारका रूपमा लिएको पाइन्छ भने ब्रह्मा आदिलाई अंशअवतार कपिलदेव, कच्छपअवतारलाई कलाअवतार, परशुरामलाई आवेशअवतार, रामलाई पूर्णँअवतार र श्रीकृष्णलाई परिपूर्णतम् अवतार मानिएको छ । युगयुगमा परमेश्वरले आवश्यकताअनुसार अवतार लिने बारे शिवगीतादेखि रामगीता, महाभारतदेखि श्रीमद्भागवत्गीतासम्ममा चर्चा पाइन्छ ।

शिवगीतामा देवी पावतीलाई र रामगीतामा भाइ लक्ष्मणलाई यी प्रसंगहरू सुनाइएको छ । कसैलाई दिइएको बरदान पूरा गर्नदेखि कसैलाई गरिएको श्राप पूर्णताका लागि पनि देवताले अवतार लिएको देखिन्छ । सृष्टि संचालनका लागि, बाधा फुकाउन लौकिक, अलौकिक दुवै कार्यका लागि अवतारको प्रसंग देखा पर्छ । हिरण्यराजले उपद्रव गरिएकी पृथ्वीलाई बचाउन बराह, हिरण्यकशिपुको आवेगबाट प्रह्लादलाई बचाउन नृसिह, समुद्रमन्थनबाट प्राप्त अमृतको दुरूपयोगबाट रोक्न मोहिनी, समुद्रमन्थनलाई साथ दिन कुर्म, वेदको रक्षा गरी धर्तीलाई त्राणदिन मत्स्य, धर्ममा विकृति रोक्न हंस अवतारदेखि साँख्य योग सिद्ध गर्न कपिल एवम् ऋृषभ अवतार र रावणादि असुरहरूबाट धर्तीलाई संरक्षण दिन रामअवतार भएको चर्चा पाइन्छ । दुष्ट राजाहरूको संहार गर्न परशुराम अवतार लिने भगवान् कंस आदिको भयबाट दूर गर्न कृष्णदेखि संसारमा अहिंसा धर्म स्थापनाका लागि बुद्धअवतार लिने प्रसंग पनि शास्त्रहरूमा वर्णित छ । त्यस्तै महाकलिका अन्त्यमा उनै परमेश्वरले कल्किअवतार लिने पनि भविष्यवाणी गरिएको छ । यो समय आउन धेरै बाँकी छ ।

सूर्यवंशमा मध्याह्नमा धर्ती अवतरित श्रीरामको जन्मदिन रामनवमीपर्व हामी सबैका लागि महत्वपूर्ण दिन हो । यसपर्वमा मुलुकभरका राममन्दिर एवम् अन्यान्य देव, तीर्थस्थगलहरूमा विशेष भीडभाड नै हुन्छ । त्रेतायुगमा रावणले ब्रह्माण्डलाई नै असह्य कष्ट दिएपछि धर्तीमाता गाईका रूपमा ब्रह्मासामु पुगेको र ब्रह्मा आदि देवताहरूले क्षीरसागरबासी श्रीनारायणसामु रोदन प्रकट गरेपछि आफूले धर्तीमा मानवरूपमा आई संसारलाई त्राण दिने वचन पूरा गर्न अयोध्या नरेश दशरथका कुलमा चारभाइ चार अंशका रूपमा जन्म लिने बाचा पूरा गर्न श्रीविष्णुले राम अवतार लिएका हुन् ।

सूर्यवंशी अयोध्या नरेशको सन्तान नहुँदा गुरू वशिष्ठ सामु दुःख प्रस्तुत हुँदा गुरू आज्ञाले पुत्रेष्टि यज्ञ गर्ने सन्दर्भमा श्रृङ्गि ऋृषिबाट सो महायज्ञ हुँदा यज्ञबाट अग्निदेव प्रकट भई हातमा रहेको पायस राजालाई दिई रानीहरूलाई बाँड्नू भनेपछि रानीहरूमा गर्भ रहँदा खीर पायसका प्रभावले वीर चारपुत्ररत्नहरू प्राप्त भएको प्रसंग शास्त्रहरूमा चर्चा भएको छ । रामायणको विविधता अनुसार पायसको चर्चा पनि फरक फरक देखिन्छ । रानी कौशल्या र कैकेयी नजिक रहेकी र सुमित्रा पछि आइपुगेकीले दुई भागमा विभक्त कौशल्या र कैकेयीका खीर भाग रानी सुमित्रालाई बाँडेर दिँदा सुमित्रामा २ गर्भ रही लक्ष्मण र शत्रुघ्न २ पुत्र प्राप्त भएको चर्चा पाइन्छ । कौशल्याको भागको पायसबाट लक्ष्मण र कैकेयीको भागबाट शत्रुघ्न भएकाले स्वभाव पनि उस्तै उस्तै राम र भरतसँग मिल्दोजुल्दो छ ।

पायसवितरणको प्रसंगले हनुमानको उदयको चर्चा पनि जोडिन पुग्छ । रानीहरूले पाएको खीर पायस दरबारको कौसीमा गएर खाँदा आकाशबाट एउटा चील आएर सुमित्राको हातको पायस टपरी लिएर गयो । आफ्नो पायस उडाएर लैजाने चील भने देवसभाकी अप्सरा भएकी र इन्द्रसभामा नृत्य प्रस्तुत गर्दागर्दै खुसी भएका इन्द्रको आग्रहमा मोतीको माला लगाई दिँदा ब्रह्माले यो देखेर रिसाएर चीलले सिनो झम्टेर लिएझैँ माला लिएकीले चील योनिमा जन्महोस् भनी श्राप दिएपछि देवताहरूको आग्रहमा चीलले देवताको सहयोगमा सुकर्म गरेपछि यो योनि छुट्ने वचन ब्रह्माजीले नै दिएकाले सुमित्राको पायस लिने यही चीलले त्यो पायस लगेर किष्किन्धाको गुफामा बसेकी पवनपत्नी अञ्जलीसामु राखिदियो । देवलोकबाट प्रसाद प्राप्त सम्झी अञ्जलिले त्यो पायस खाँदा पवनपुत्रका रूपमा शिवस्वरूप हनुमानको जन्म भएको र रामलाई आपद् उद्धारहेतु सहयोग गरेको चर्चा पनि रोचक छ । तिथिका हिसाबले रामनवमीको लगत्तै पछि चैत्रशुक्ल पूर्णिमा हनुमान जयन्ती यही ०७९ वैशाख ३ गते शनिबार परेको छ । नेपालको कर्णाली, महाकाली भारतको सरयुनदी बन्न पुग्छ, यसैका किनारमा अयोध्या क्षेत्रमा सूर्य मेष राशिमा, ५ ग्रह उच्च भएका बेला, कर्कटलग्न, पुनर्वसु नक्षत्र, अभिजितमुहुर्तमा श्रीरामले धर्तीअवतरण गर्नु भएको र यो समय देवताहरूले पुष्पवृष्टि गरेका रोचक प्रसंगहरू छन् ।

धर्तीमा बालरूप अवतार प्रसंगको दर्शन गर्न नपाएका आकाशका चन्द्रमाले अयोध्या प्रवेश गरी आफूले सो दृश्य हेर्न नपाएको गुनासो गरेपछि अर्को अवतार चन्द्रवंशमा, मध्यरात्रिमा, द्वापरयुगमा श्रीकृष्ण अवतार पूरै वाललीला अवतरण दृश्य हेर्न पाइने आश्वासन दिँदा एक युगसम्म आफू पर्खन नसक्ने दृढता व्यक्त गरेपछि हालै आफ्नो मस्तकमा विराजमान गर्न चन्द्रमालाई आदेश दिँदा श्रीरामको नाम रामचन्द्र बन्न पुगेको, नामले पूर्णँता प्राप्त गर्न भक्त चन्द्रमाले सहयोग गरेका र कोमल मस्तकमा चन्द्र शोभा भएको प्रसंग पनि काव्यकारहरूले राम्ररी प्रस्तुत गरेका छन् । श्रीरामको अवतार प्रसंगको चर्चा गर्दा यो सारा दृश्य अयोध्याबासीकै भेषभुसामा रहेर आफूले अवलोकन गरेको कुरा शिवजीले माता पार्वतीलाई बताउनु भएको छ । रामायणको बालकाण्डले रामलीला अवतारको जन्म प्रसंग रोचक ढंगले बताएको छ । यस बारेमा सन्ततुलसी दासले आफनो कृति राम चरित मानसमा बढो सुन्दर ढंगले चर्चा गरेका छन् । रामायणको चर्चाले मानव हृदय पावन बन्छ । नयाँ वर्ष २०७९ को हार्दिक र मंगलमय शुभकामनासहित आम पाठकवृन्दमा न्यानो अभिवादन, नयाँ वर्ष पूर्ण सुखद र पावन रहोस् ।

## सामाजिक सञ्जाल



**- टंक खनाल**

मुलुकमा : निर्यातभन्दा अत्यधिक आयात, आम्दानीभन्दा अत्यधिक खर्च, वस्तु तथा सेवाको मूल्यमा अधिक वृद्धि, तेल तथा ग्याँसको हाहाकार, पूँजी पलायन, रेमिट्यान्समा ह्रास, ब्याजदरमा वृद्धि, अत्यधिक ऋण भार, अन्तरास्ट्रिय अस्थिरता आदि कारणहरूले स्थिति गम्भीर बन्दै खतराको घन्टी बज्दैछ !



**- विष्णु पोखरेल**

राष्ट्र बैंकले अर्थतन्त्र सुधार गर्न केही बाध्यकारी नियम गरेको सत्य हो किनकी यी गुरिल्ला अर्थमन्त्रीबाट केही नहुने देखे पछि नै यो अवस्था आउनु स्वाभाविक नै छ । तर आफू असफल आफू असक्षम भएपछि आफू नैतिकताले पछि हट्ने कि अरू माथि जाईलाग्ने ? नैतिकता भन्ने चिज बाँकी छ र अझै ?



**- डम्मर खतिवडा**

गर्भनर मात्रै हैन, ओली सरकारका पालामा भएका सबै राजनीतिक नियुक्ति खारेज हुनु पर्ने हो । खासमा ओली सरकारका पालामा मात्रै हैन, जुनसुकै सरकार परिवर्तन हुँदा राजनीतिक नियुक्ति पाएका सबैले आफै राजिनामा दिनु पर्ने हो । राज्य ५ तिर फर्केर चल्दैन । नीतिगत भिन्नता बीच समूह कार्य कसरी सम्भव छ ?



**- रमेश कुमार**

राष्ट्र बैंकले लिएका नीतिका विषयमा एकमत थिएन, गभर्नरमा महाप्रसाद अधिकारीलाई सिफारिस गर्ने डा. युवराज खतिवडाले नै पनि सार्वजनिक रूपमा आलोचना गरेका थिए । तर, सरकारले स्वायत्त निकाय जो राजनीतिक स्वार्थको भुंग्रोमा परेको थिएन । त्यसमाथि हस्तक्षेप गरेर आफ्नै खुट्टामा बञ्चरो हान्यो ।



**- विनोद न्यौपाने**

शाहीसँग व्यक्तिको नाममा ४० करोड कहाँबाट ? रकम अवैध भनि अमेरिकाको सरकारी अनुसन्धान संस्थाले रकम जफत गर्न राष्ट्र बैंकलाई अनुरोध गऱ्यो । अनुसन्धानमा रकम रोकियो ! अर्थमन्त्रीले रकम छोडिदिनु भनि आदेश दिन्छन्, आदेश दिने अधिकार हुँदैन ! गभर्नर निलम्बन गर्छन् ! प्रमसँग उत्तर छ ?

# राजनीतिलाई स्वच्छ बनाउने मौका

टिप्पणी



● रोशनी बुढा

नेपाली शब्दकोशअनुसार राजनीति भनेको शासन गर्ने नीति वा कानून वा विधि हो । यसको अर्थ शासनभन्दा राज गर्ने भनेको बुझ्नु हुँदैन । नीति शास्त्रको मूलमर्म सबै विश्वका समग्र संरचनासँग जोडिएको हुन्छ । मानव समुदायलाई राज्य सञ्चालन, शासन पद्धति, विधि विधान, नियम कानून र संस्कृति सबै विषयमा जोडिएको हुन्छ । यसर्थ, नीतिशास्त्रभित्र पर्ने सबैभन्दा उच्चतम् शास्त्र राजनीति हो । यहाँ राजनीति शास्त्र र राजनीतिभित्र भएका केही सकारात्मक र नकारात्मक विषयमा चर्चा गर्न खोजिएको छ ।

राजनीतिको सही मूल्याङ्कन र सो विधिअनुसार हिँड्ने राजनेता भएको मुलुक आज समृद्ध भएका छन् । आजको विश्वको महाशक्ति अमेरिका अब्राहंलिङ्कनले गर्दा विकासको बाटो समात्यो, माउत्सेतुङ्ग र यात्सेनले गर्दा चीनले समृद्धिको यात्रा सुरु गऱ्यो, लेनिन र स्टालिनले रुसलाई विश्व महाशक्ति बनाएर छाडे, मलेशिया डा. महमदसमीनले बनाए । हामी धेरै टाढा जानु पर्दैन, एशियाभित्र पनि नियाल्न सक्दछौं । हिरोसिमा र नागसाकीमा एटम बम खसालिए पछि जापानी साम्राज्यको (राजाको) चेतना र आफ्नो देश निमार्ण र विकासमा नै लाग्नु पर्छ र लडाइँ मात्रै होइन भन्ने चेतना जापान भरी फैलाएर आज विकासको सिलसिलामा जापान विश्वकै प्रथम श्रेणीमा पर्दछ । त्यस्तै अमेरिकी र सोभियत संघ (रूस) को शक्ति लडाइँले कोरिया दुई टुक्रा भयो । तर पनि कोरियन राजनेताले गरेको विकासलाई नकार्न सकिन्न । आज दक्षिण कोरिया वा उत्तर कोरिया विकास र आधुनिकताको हिसाबले हेर्ने हो भने धेरै अगाडि छन् । हाम्रा विशाल छिमेकी मुलुक चीन र भारतलाई हेर्दा हामी आफ्नो हैसियत देख्न सक्छौं । हामी उनीहरुकै भर भरोसामा छौं किन ? यसको पछाडी हामीले बुझ्नु पर्ने विषय के हो ? किन हामी गरिबीमै छौं ? किन हाम्रो देशको विकास भएन ? हामी जुत्ताको तुनादेखि छाताको टुप्पीसम्म किन परनिर्भर भयौं ? त्यति मात्र होइन नेपालका वन हरियो धन आज शहरका सोफासेटदेखि कुर्सी, किचेन टेबुलसमेत मलेशियालगायत देशबाट किन ल्याउँछौं ? तरकारी समेत भारत र चीनबाट ल्याउँछौं, योभन्दा लाज मर्दो कुरा के हुन्छ ?

> 6 देशको भूगोल, इतिहास, प्रकृति र माटोसँग जोडिएर भित्रै मनबाट देश र जनताको भलाई गर्छु भन्ने नेता वा नेतृत्व यो देशले मागेको छ । यही सेरोफेरोमा आगामी वैशाख ३० गते स्थानीय चुनाव हुँदैछ । यस चुनावमा स्वच्छन्द, इमानदार र गाउँ, नगर र देशको बारेमा सोच्ने उम्मेद्वारहरूलाई आफ्नो अमूल्य मत दिनुपर्छ । जग बलियो भयो भने घर बलियो हुन्छ । जग भनेको स्थानीय तह हो । स्थानीय तहमा नै लोभी, पापी र भ्रष्टलाई चुनाव जिताउने काम अब नेपाली जनताले गर्नु हुँदैन ।

हामी परिवर्तनका नाममा पहिला गरेका विकासका बाटाहरुलाई ध्वस्त बनाउँछौं तर, नयाँ देशका लागि केही दिँदैनौं । हिजो देशको आय आर्जन गर्ने राष्ट्रिय उद्योग, बासबारी छाला उद्योग, हिमालय सिमेन्ट उद्योग, हेटौंडा कपडा उद्योग, विरगञ्ज चिनी उद्योग जस्ता राष्ट्रिय उद्योग तहसनहस बनाइयो, आज विदेशी बहुराष्ट्रिय उद्योग निम्त्याएर आर्थिक रुपमा नेपाल निकै कमजोर भएको छ । दक्ष जनशक्तिलाई सस्तो मूल्यमा विदेश पठाइन्छ । विदेशीएका नेपालीले निकै दुःख गरेर पठाएको रेमिट्यान्स ल्याएर देश चलाउने होइन उनीहरुकै पैसामा भ्रष्टाचार गर्ने काम भएको छ । यस्तो अवस्थामा नेतृत्वमा बस्नेले अलिकति पनि लाज मानेको देखिएन । आज नेपालको सूर्य, चन्द्रमा अंकित झण्डाको समेत अपमान भएको छ । यसर्थ, देशको भूगोल, इतिहास प्रकृति र माटोसँग जोडिएर भित्रै मनबाट देश र जनताको भलाई गर्छु भन्ने नेता वा नेतृत्व यो देशले मागेको छ । यही सेरोफेरोमा आगामी वैशाख ३० गते स्थानीय चुनाव हुँदैछ । यस चुनावमा स्वच्छन्द, इमानदारी र गाउँ, नगर र देशको बारेमा सोच्ने उम्मेद्वारहरुलाई आफ्नो अमूल्य मत दिनुपर्छ । व्यापारी, भ्रष्ट, ठेकेदार र दलालहरुलाई आफ्नो अमूल्य भोट दिनु हुँदैन ।

जग बलियो भयो भने घर बलियो हुन्छ । जग बलियो भनेको स्थानीय तह हो । स्थानीय तहमा नै लोभी, पापी र भ्रष्टलाई चुनाव जिताउने काम अब नेपाली जनताले गर्नु हुँदैन । राजनीति भनेको देश बनाउने, गाउँ बनाउने र राज्य संचालन पद्धतिमा स्वछन्द पारदर्शी एवम् कुशल सुशासन बनाउने पद्दति हो । त्यसमा पनि स्थानीय प्रतिनिधिबाट नै राष्ट्रको नेतृत्व विकास गर्ने हो । यसैले आम नेपाली जनताले आफ्नो देश बनाउने सही राजनेता नेतृत्व वा जनप्रतिनिधि चुन्ने मौका पनि हो । यसलाई गहन विचार गरी आफ्नो जनप्रतिनिधि चुनौं र समयमा बुद्धि पलाउने काम गरौं ।

# रुसद्वारा युक्रेन युद्धको कमाण्डर परिवर्तन

**काठमाडौं/एजेन्सी–** रुसले युक्रेन युद्धको जिम्मेवारीमा रहेका आफ्ना सैनिकको नेतृत्व परिवर्तन गरेको पश्चिमा अधिकारीले बताएका छन्। रुसले युक्रेन आक्रमणको नेतृत्व गरिरहेका सैनिकहरुको जिम्मेवारी हेरफेर गरेको पश्चिमा अधिकारीलाई उद्धृत गर्दै बिबिसीले जनाएको छ।

रुसले सिरिया युद्धमा लामो अनुभव लिएका जनरललाई युक्रेन युद्धमा रहेका आफ्ना सैनिकको कमाण्डरको ठाउँमा पठाएको अधिकारीले बताएका हुन् । नाम उल्लेख नगर्ने शर्तमा बिबिसीका गोर्डन कोरेरासँग कुराकानी गर्दै स्रोतले रुसको दक्षिणी सैन्य डिस्ट्रिक्टका जनरल एलेक्सान्डर डिभोर्निकोभलाई युक्रेन युद्धको नेतृत्व दिएको बताएको हो ।

'यी कमाण्डरले सिरिया युद्धमा रुसी अभियानको लामो अनुभव संगालेका छन्, सोही कारण यिनको नेतृत्वमा युक्रेनमा रुसी सैनिकको व्यवस्थापन र कमाण्डरप्रतिको बफादारिता सुधार हुने सक्नेछ', उनले भने ।

युक्रेनमा रहेका रुसी सैनिकबीच सहकार्य र उत्साहको कमी देखिएको भन्ने खबर आइरहेका बेला त्यसलाई सुधार गर्न रुसले सैन्य नेतृत्व परिवर्तन गरेको हो । रुसले युक्रेनमा आक्रमण थालेको ४५ दिन भइसकेको छ। तर उसले सुरुमा



लक्ष्य गरेअनुसार राजधानी किएभसहितका प्रमुख सहर कब्जा गर्न सकेको छैन । अहिले रुसले आफ्नो आक्रमण युक्रेनको पूर्वी क्षेत्र डोन्बासमा केन्द्रित गरेको छ। तुलनात्मक रुपमा आकारमा सानो र सैन्य क्षमताका हिसाबले पनि कमजोर मानिएको युक्रेनी सैनिकले भने गएको फेब्रुअरी २४ मा रुसले आक्रमण सुरु गरेदेखि नै प्रभावकारी रक्षात्मक प्रदर्शन गरिरहेको छ ।

यसैबीच रुसले मानवअधिकारको क्षेत्रमा काम गर्ने १५ वटा पश्चिमा गैरसरकारी संस्था बन्द गर्ने भएको छ। रुसले एमनेन्स्टी इन्टरनेशनल र ह्युमन राइट्स वाचसहितका १५ संस्थाका आफ्नो देशमा रहेका कार्यलय बन्द गर्ने घोषणा गरेको हो । संयुक्त राष्ट्रसंघ महासभाले युक्रेनमा गरेको गम्भीर मानवअधिकार उल्लंघन र अत्याचारलाई लिएर रुसलाई राष्ट्रसंघीय मानव अधिकार नियोग (युएनएचसिआर) बाट निलम्बित गरेको थियो। त्यसको जवाफमा रुसले मानवअधिकारको क्षेत्रमा काम गर्ने संस्थाका आफ्नो देशमा रहेका कार्यालय बन्द गर्ने घोषणा गरेको हो । रुसको कानुन उल्लंघन गरेकाले ती संस्थाहरु बन्द गर्ने निर्णय गरिएको रुसी न्याय मन्त्रालयले जनाएको छ, तर कुन कानुन कसरी उल्लंघन गरे भन्ने खुलाएको छैन ।


## साउदीमा रोजगार |

१. कम्पनी : FAHAD ALI SULEIMAN AL-WAHAIBI FARM
शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/१२/२४ चलानी नं.: ६०१७७५२१ L.T. No.:260881

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agricultural Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३२,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : Ali Al - Abdullah Al - Juffali complex for care and Rehabilitation शहर: KSA

पूर्व स्वीकृत मितिः २०७८/१२/२४ चलानी नं.: ६०१७७५२० L.T. No.:261044

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Worker | 4 | 0 | स. काममा दक्ष | 1200 | ३८,७९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख ४ गते (17 April 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 946/067/068

**Kankai Recruitment suppliers Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal. Mobile : 9851144845
Tel: 01-4954490, Email: kankairecruitment4@gmail.com



## कतारमा रोजगार |

कम्पनी : LOTUS TRADING & CONTRACTING COMPANY
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/१२/०२ चलानी नं.: ६०१७६५१८ LT. No.: 259700 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३६,४९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 4 | 0 | | 1700 | ५६,४०६ | | | | | | | |
| 3. | Labourer | 16 | 0 | | 1000 | ३३,१८० | | | | | | | |
| 4. | Mason | 5 | 0 | | 1100 | ३६,४९८ | | | | | | | |

**अन्तर्वाता शिवम् तालिम केन्द्र, जनकपुरमा २०७९ बैशाख ४ गते (17 April 2022) मा हुनेछ ।**
**अन्तर्वाता प्रुडेन्सियल तालिम केन्द्र , इटहरीमा २०७९ बैशाख ५ गते (18 April 2022) मा हुनेछ ।**
**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख ६ गते (19 April 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Govt. Lic No.: 569/062/063

**सत्यम इण्टरनेशनल सर्भिस प्रा. लि.**
सुविधानगर, काठमाडौं, नेपाल, फोनः 01-5199336, 5199157
काठमाडौं मो.: 9802002012,9802002016, इटहरी मो : 9802793022 Email: stmintlnpl@gmail.com



## जापानमा रोजगारको अवसर

कम्पनीः FUTAGO COOPERATIVE SOCIETY शहरः kunotsubo higashimachi

पूर्व स्वीकृत मितिः २०७८/१२/२५ चलानी नं.: ६०१७७५९९ LT. No.: 260230

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction | 3 | 0 | स. काममा दक्ष | 166000 | १६२,०१६ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु.४०,०००/– |

**अनलाइन अन्तर्वार्ता मेनपावर अफिस, काठमाडौंमा मिति २०७९ बैशाख ४ (17 April 2022) गते हुनेछ ।**

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ३२ वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र**
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च : निःशुल्क ।- मात्र**
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान अन्तर्वार्ता अनलाईन मार्फतः प्रा. लि. को कार्यालयमा २०७८ असोज १८ गतेमा हुनेछ ।**

**नोट : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।**

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा वुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**नोटः जापानिज भाषा जानेकोलाई प्राथमिकता दिइने छ ।**

License No.: 294/058/059

**SUBASH VIJAY ASSOCIATES PVT. LTD.**
Samakhusi, Kathmandu | Tel. No.: 01-4384710, 01 4379749
Mob.: 9801236544 | P.O. Box No.: 9681 | Email: svassociatesnp@gmail.com


# Udayapur Hospital

**Gaighat, Udayapur**

**Province No.1, Nepal**

## Invitation for Sealed Quotation

**IFB No.: 05/2078/079**

**First Date of Publication: 10 April 2022**

1. Udayapur Hospital, Gaighat, Udayapur, Province no. 1 invites sealed quotation from eligible bidders for following works:

| S.N. | Contract Identification Number | Description and Location of work | Bid Validity Period | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | *UH/SQ/M-05/078-79* | Procurement of Medicines | 45 days | 52,000.00 | 1000 | |

Submission and Opening of Bid:

| Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|
| Date | Time | Date | Time |
| 26 Apr. 2022 2079/01/13 | 12:00 Hours | 26 Apr. 2022 2079/01/13 | 13:00 Hours |

Interested eligible bidders may obtain further information from Udayapur Hospital, Gaighat, Udayapur and inspect the Bidding http://www.bolpatra.gov.np/egp.A complete set of bidding documents in English may be inspect by the interested bidders and must submit their bid electronically through E- procurement section of PPMO's Web Site http://www.bolpatra.gov.np/egp., the Bidders must download the bidding documents, prepare their bids and submit their electronic bids as specified in the Instructions to Bidders. The bidder shall be required to deposit the cost of bidding document (as specified in the table above) in the Employer's Rajaswa (revenue) account as specified below and scanned copy (PDF format) of the Bank deposit voucher shall also be submitted along with the electronic submission of the bid files.

Bank Account Details:

| Account Name | Bank Name | Rajaswa Shirshak No. | Bank Address | Account Number | Heading Number |
|---|---|---|---|---|---|
| Udayapur Hospital, Udayapur | Rastriya Banijya Bank Ltd., Gaighat, Udayapur | 14229 | Gaighat, Udayapur | 3500411041 | Rajaswa |
| Pradesh Lekha Ikai Udayapur | | | | 2090100202030000 | Dharauti |

3. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered a last day. In such case validity period of the bid security shall remain the same as specified for the original last dateof bid submission.
4. Udayapur Hospital, Gaighat, Udayapur reserves the right to accept or reject, fully or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other procurement process is remains as per rules of PPA and PPR.

**Acting Medical Superintendent**
**Udayapur Hospital, Udayapur**


**INTERSCAFF SAFETY**
**International Vocational Training School**

- IRATA Rope Access
- CISRS Scaffolding
- Spray Painting
- Sandblasting
- F/S Carpenter
- Steel Fixer
- Pipe Fitter
- Insulator
- Welders-TIG/MIG/ARC(upto 6G)
- Mason-Marble/Tile/Block
- Industrial Electrician
- Aluminium Fabricator
- A/C Technician
- Plumber



Skill Test / Video Graphy Services

NOTE
We provide wide range of skill development trainings
Follow us on Social Media @interscaffsafety

Opposite Basundhara Chowki, Kathmandu, Nepal
Tel : +97714364297 | 9801042999 | 9801057807
www.interscaffsafety.com | info@interscaffsafety.com

# बक्स अफिस समाचार



## 'गीत छनोट गरेर मात्रै भिडियो निर्माण गर्छु'

प्रकाश धिताल, निर्देशक

नेपाली म्युजिक भिडियो त्यो पनि सुगम संगीततर्फको व्यस्त निर्देशक हुन् प्रकाश धिताल । रेडियो कार्यक्रम प्रस्तोता हुँदै म्युजिक भिडियो निर्देशनतर्फ हानिएका निर्देशक प्रकाश अब्बल निर्देशकको कोटीमा पर्छन् । चर्चामा आउन नखोज्ने तर स्तरीय भिडियो बनाउन लागीपर्ने निर्देशक प्रकाश सरल स्वभावका छन् । एक दशकभन्दा लामो समयदेखि सञ्चारकर्म र म्युजिक भिडियो निर्देशनमा रमाएका धिताल म्युजिक भिडियो निर्देशक समाज गिल्ड नेपालका संस्थापक सदस्य पनि हुन् । स्वर्गीय अमृत भण्डारीको आवाजमा रहेको 'बिर्सु भन्छु तिम्रो याद' गीतको म्युजिक भिडियोबाट निर्देशनमा पाइला अघि बढाएका प्रकाशले अहिलेसम्म २५० भन्दा बढी भिडियो निर्देशन गरिसकेका छन् । उनले गरेका भिडियोहरुमध्ये मेकिङ र अन्य पक्षबाटसमेत प्रशंसा पाएका भिडियोहरुमा पहिलो यो माया, १६ सालैमा, पिरमको बाढी, गुडी जाने रेल, दिलैमा, मन्द मन्द, बोल्ने कोही छैन्, चिनि अमिलो, तिम्रो याद, बालै भएन, भन्नु हुन्थ्यो बाले, आमा मेरि आमा, एउटा कथा हो जिन्दगी, कहीले, तिम्रो नजरको शासन, माया जालैमा लागायत पर्छन् । धितालले बजारमा आफू बिक्नु भन्दा पनि बजारमा कसरी टिक्ने भन्ने कुरामा विश्वास राख्छन् । म्युजिक भिडियो निर्देशनका क्रममा उनले योङ माइन्ड अवार्डको दोस्रो संस्करणमा सर्वोत्कृष्ट म्युजिक भिडियो निर्देशकको अवार्ड हात पारिसकेका छन् । सुगम संगीततर्फ 'गुडी जाने रेल'बाट उत्कृष्ट भिडियो निर्देशकको अवार्ड जितेका हुन् भने प्रभु पे म्युजिक खबर ८ औं संस्करणबाट पनि सर्वोत्कृष्ट म्युजिक भिडियो निर्देशककै अवार्ड प्राप्त गरेका छन् । अवार्ड जिताउनका लागि सुगम संगीततर्फ 'म निदायसी आयौ' बोलको गीत रहेको थियो । फरक कन्सेप्टमा भिडियो निर्देशन गर्न रुचाउने प्रकाश धितालले मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठसँग गरेको कुराकानीको सम्पादित अंश :

**भिडियो त धमाधम आइरहेका छन् त, निकै व्यस्त हुनुहुन्छ कि के हो ?**

धेरै व्यस्त त छैन । तर अलि अलि चाहिँ हो । काम भने गरिरहेको छु । अहिले पनि गीतहरू आइरहेका छन्, तिनै गीतको कन्सेप्टमा बसिरहेको छु ।

**प्राय: तपाईं सेन्टिमेन्टल गीत गर्नुहुन्छ किन ?**

मैले गर्ने भन्दा पनि मलाई गराइन्छ । प्रकाश धिताल कन्सेप्टमा राम्रो छ उसको राम्रो हुन्छ भनेर होला । म आफैं पनि चमक धमकवाला भन्दा कथानक र सदाबहार लाग्ने गीत गर्न रुचाउँछु ।

**के छ अहिले भिडियोको माहोल ?**

राम्रै छ । राम्रा गीतहरु बजारमा आइरहेका छन् । मेरो चाहिँ दिन दिनै भिडियो निर्देशन गर्ने भन्ने हुँदैन । किनभने एउटा भिडियोका लागि राम्रो कन्सेप्ट तयार पारेर सार्वजनिक गर्दा समय लाग्छ । अहिलेको भरे, भोलि नै भिडियो निर्देशन गर्दा क्वालिटी देखिँदैन । त्यस कारण महिनामा ५/६ वटा जति गीत निर्देशन गर्दै आएको छु ।

**भिडियो नै निर्देशन गर्छु भन्ने सोच कहाँबाट आयो ?**

निर्देशक बन्ने/बन्छु/गर्छु भन्ने कुरा मेरो योजना र सपना थिएन, तपाईंलाई नढाँटी भन्नु पर्दा मलाई निर्देशक इखले बनाएको हो । जब मान्छेमा इख हुन्छ नि, उसले जे सोच्यो त्यही बन्ने रहेछ । मलाई पनि भिडियो निर्देशन गर्ने इख पलायो आजभन्दा एक दशकअघि । म त्यो समयमा गोर्खा एफएममा काम गर्थें । मैले रेडियोमा काम गर्न थालिसकेपछि विभिन्न कलाकारहरुसँग भेट हुन थाल्यो । उनीहरुको अन्तर्वार्ता लिन थालें । यही क्रममा मेरो कलाकार, गायक, गायिका, विज्ञापन एजेन्सीसँग चिनजना बढ्यो । अनि रेडियोमा विज्ञापन ल्याउनेदेखि अनेक काम गर्न थालें । यति गर्दा पनि तलब हुँदैन थियो । घरमा जाँदा गाडी भाडा नभएर लुरु लुरु हिँड्दै जान्थें । त्यो बेला म दाजुभाउजुसँग बस्थें । बसाई अलिक कष्टकर नै भनौं न । त्यसैबेला रेडियोमा नै बसेर धेरै गीतहरुको कन्सेप्ट बनाउने काम गर्न थालें र भिडियोमा धेरै वर्ष कन्सेप्ट बनाएर बसें । मलाई धेरैले काम दिनुहुन्थ्यो । तर, पैसा भने कमै हुन्थ्यो । रेडियोमा काम गर्दा गर्दै हामी केही साथीहरु मिलेर क्वाइन भन्ने संस्था खोल्यौं र काम गर्‍यों । यस संस्थामा बसेपछि म सधैं पछाडि हुन्थें । यसैक्रममा एक जना स्याङ्जाको दाइ हुनुहुन्छ । प्रेरणाको स्रोत भनौं कि के भनौं कृष्णप्रसाद पौडेल उहाँ मेरो अभिभावक, उहाँले नै तँ आफैं किन गर्दैनस् यार, यत्रो ट्यालेन्ट छस् भनेर सम्झाउनु भएको थियो । त्यसपछि स्वर्गीय गायक अमृत भण्डारीको अगुवाइमा मैले भिडियोमा काम गर्न थालेको हो । अहिले मलाई भिडियोमा राम्रै भइरहेको छ ।

**निर्देशन भन्ने कुरा सजिलो रहेन छ उसो भए ?**

हो नि । निर्देशन आफैंमा एउटा जिम्मेवार व्यक्ति हो । जसले एउटा भिडियोको टिमलाई समालेर हिँड्नुपर्ने हुन्छ ।

**निर्देशक बन्न धेरै दु:ख गर्नुपर्ने हुन्छ भन्ने सुनिन्छ ? तपाईं चाहिँ कसरी निर्देशन लाइनमा आउनुभयो ?**

म आफैंले केही गर्नुपर्छ । काठमाडौंमा आफैं पालिनुपर्छ यसका लागि क्रियटिभ र मिहेनती हुनै पर्छ भन्ने सोच्थें । बुबाले कहिले काहीं घरबाट केही पैसा पठाइदिनुहुन्थ्यो म पैसा देखे पछि खर्च गरिहाल्ने स्वभावको थिएँ । कति पो हुन्थ्यो र घरबाट पठाइदिएको पैसा त्यसले काठमाडौंको ठाउँमा के पुग्थ्यो र । तर, एउटा मेरो कमजोरी आवश्यक पैसा पनि परिवारका सदस्यसँग माग्न अप्ठ्यारो लाग्ने, डर लाग्ने । त्यही भएर मैले कहिलै पनि पैसा दिनुस् भनेर मागिन् । अब पैसा कमाउनु पर्छ भन्ने मनमा आउन थालेपछि भिडियोतर्फ काम गर्न थाले । राम्रो पनि भयो ।

**अनि तपाईंका त्यो बेलाका साथीभाइहरुले तैले के भिडियो बनाउँछस् भन्ने खालका कुराहरु गरेनन् ?**

किन नभन्नु नि । तैले के भिडियो बनाउछन् र खै भन्ने खाल्का कुराहरु गरे पहिले हैन अहिले पनि हुने गर्छ यो कुरा किनभने जसको राम्रो हुन्छ उसलाई यो समाजमा अघि बढ्न दिँदैनन् भन्ने छ नि त्यही होला सायद । मैले कसैको पनि कुरै सुनिनँ । विस्तारै आफ्नो कामहरु गर्दै गएँ । त्यसैको इखले मैले भिडियो राम्रो पनि बनाएँ र बनाउँदै गइरहेको छु ।



## राष्ट्रिय लोक दोहोरी महोत्सव शुरु
## उपराष्ट्रपतिले गरे उद्घाटन



**काठमाडौं/मस-** 'राष्ट्रिय लोक दोहोरी महोत्सव-२०७८' शनिबारदेखि काठमाडौंमा शुरु भएको छ । टुँडिखेलमा शुरु भएको महोत्सव चैत ३० गतेसम्म अर्थात पाँच दिन चल्नेछ । खुला दोहोरीमध्ये अहिलेसम्मकै ठूलो पुरस्कार राशीको प्रतियोगीतासहितको महोत्सवलाई डिएआर मुभिज एण्ड फिल्मस् इण्डष्ट्रिजले आयोजना गरेको हो ।

महोत्सवको उपराष्ट्रपति नन्दबहादुर पुन 'पासाङ'ले उद्घाटन गरे । उद्घाटन गर्दै उपराष्ट्रपति पुनले लोकगीतमा हाम्रो इतिहास, हाँसो, आँशु, पीडा, परिस्थिति कलात्मक तरिकाले प्रस्तुती हुने भएकाले लोकगीत जीवनको वास्तविक अभिव्यक्ति भएको बताए ।

उनले विभिन्न जातजाती, भूगोल, धर्म संस्कृतिमा गाइने लोकगीत संगीत देशको अमूल्य सम्पत्ति भएको बताए । कुनैबेला गाउँका मेला-पात, वनजंगल, रोधी, विवाह लगायतमा गुञ्जने लोकदोहोरी आज सहर हुँदै अन्तराष्ट्रियकरण भैरहेको उपराष्ट्रपति पुनले बताए ।

'कुनैबेला समुदाय विशेषका मेला, पाखा, बनजंगल, रोधी, चौतारी, विवाह लगायत विभिन्न उत्सवहरुमा दोहोरी गीत गाउने गरिन्थ्यो । लोकदोहोरी आज गाउँबाट सहर पसेको छ । सहरमात्र होइन् विश्वका विभिन्न मुलुकमा पुगेको छ । र, लोकदोहोरी संगीतले व्यवसायिक रुप पनि लिईरहेको छ' पुनले भने 'यसबाट भन्न सक्छौं हाम्रो चिनारी, हाम्रो गौरवको रुपमा रहेको लोकदोहोरी गीत अन्तराष्ट्रियकरण भैरहेको छ ।'

दोहोरीगीत सुन्दा जस्तो आनन्द, रोमाञ्चकता र उत्सुकता अरु गीतमा नहुने उनको भनाई थियो । उनले महोत्सवमा हुने प्रतियोगीताले नेपाली लोकदोहोरीलाई नयाँ उचाईमा पुर्याउने प्रतिभाहरुको जन्म दिने विश्वासका साथ महोत्सव सफलताको शुभकामना समेत दिए । विभिन्न जात-जातिहरुको संस्कृति झल्कने झाँकी प्रदर्शनीसहितको ऱ्याली माइतिघरदेखि शुरु भई टुँडिखेलमा पुगेपछि महोत्सवको उद्घाटन गरिएको थियो ।

टुबोर्गको प्रस्तुति एवं बागेश्वरी खड्का हाउजिङ डेभलपर्सको मुख्य प्रायोजन रहेको महोत्सवको पहिलो दिन विभिन्न लोकभाका एवं गीतहरु चर्चित गायक/गायिकाहरुले प्रस्तुत गरेका थिए । पूर्वेली गीतदेखि सुदूरपश्चिमको देउडा भाकासम्म एउटै मञ्चबाट गुञ्जिएको थियो ।

उपराष्ट्रपति पुनकै आग्रहमा बाग्लुङ, म्याग्दी जिल्लामा गाईने लोपोन्मुख यानीमाया भाकासँगै रोल्पा जिल्लातिर गाईने मौलिक लोकभाका 'साइँला बरै'समेत टुँडिखेलमा प्रस्तुत गरियो । विरन्द्रकुमार झाले मैथली गीत प्रस्तुत गरे भने कमलीकान्त भेटवालले पूर्वेली गीत प्रस्तुत गरे । त्यस्तै, मणिराम करिया मगरियाले थारु गीत प्रस्तुत गरे भने सरोज लामीछाने र रामकुमार नेपालीले काठे लोकभाका प्रस्तुत गरे । नन्दकृष्ण जोशी र पुष्पा बोहोराले देउडा भाका प्रस्तुत गरे भने टिका बमजनले तामाङ सेलो गीत गाए । महोत्सवको पहिलो दिन लोक गीतमार्फत योगदान पुर्याउने थुप्रै अग्रज कलाकारहरुलाई सम्मान समेत गरिएको थियो । अग्रज देउडा गायक नन्दकृष्ण जोशी, भोजपुरी गायक ध्रुवसिंह ठकुरी, थारु गायक मणिराम करिया मगरिया, अग्रज गायिका तिर्थ कुमारी थापा, मैथली गायक विरेन्द्रकुमार झा, राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठानका संस्थापक अध्यक्ष अम्मरविरही गुरुङलाई सम्मान गरिएको थियो । स्वर्गीय बुद्धिकृष्ण लामिछाने, रत्न बानिया, जंगबहादुर गन्धर्व, भगवती दंगाललाई मरणोपरान्त सम्मान प्रदान गरियो । उद्घाटनसँगै शनिबारबाटै दोहोरी प्रतिस्पर्धा सुरु भएको छ ।

देशभरका विभिन्न जिल्लाबाट सहभागी ६७ समूहबीच प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ ।


**डिभिजन वन कार्यालय, भेरी, बावियाचौर, सुर्खेतको काठ दाउरा लिलाम बिक्री संकलन घटाघट सम्बन्धी सूचना**

**राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित मिति : २०७८/१२/२७**

यस डिभिजन वन कार्यालय अन्तर्गत बेताल कर्णाली र बराहताल सब-डिभिजन वन कार्यालयको कार्यक्षेत्र भित्र पर्ने चौकुने गा.पा. ३ र बराहताल ४, सुर्खेतको **जामुन्य, रा.व. र पिप्लेबाँस** राष्ट्रिय वन क्षेत्रमा आ.व. ०७७/०७८/०७८/०७९ मा उत्पादन भएको काठ दाउरा चौकुने ३, जामुन्य, सुर्खेतमा घाटगद्दी गरी राखेको र संकलन नगर्नु पर्ने तपशिल बमोजिमका जात, ग्रेड, थान र परिणामका गोलिया लट नं. २८, २९ को काठ, दाउरा लिलाम प्रक्रियाद्वारा बिक्री वितरण गर्नुपर्ने भएकोले चिप्लेवाँस रा.व. बराहताल ४, सुर्खेतको प्लट नं. ९ को संकलन घटाघटको लिलाम सार्वजनिक सूचना प्रकाशित गरिएको छ । इच्छुक व्याक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ औं दिन दिनको कार्यालय समयभित्र श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेत वा श्री प्रदेश वन निर्देशनालय, कर्णाली प्रदेश सुर्खेत वा डिभिजन वन कार्यालय भेरी बाबियाचौर सुर्खेतबाट प्रत्येक लटको छुट्टाछुट्टै बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२:०० बजे भित्र सिलबन्दी बोलपत्र श्री प्रदेश वन कार्यालय, कर्णाली प्रदेश सुर्खेत वा डिभिजन वन कार्यालय भेरी बाबियाचौर सुर्खेतमा दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस कार्यालयको सूचना पार्टीमा टाँस गरिनेछ ।

| सि.नं./लट नं. | जात | ए ग्रेड थान | ए ग्रेड क्यु.फि. | बी ग्रेड थान | बी ग्रेड क्यु.फि. | सी ग्रेड थान | सी ग्रेड क्यु.फि. | जम्मा थान | जम्मा क्यु.फि. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १/२८ | साल | १६ | ७८.२२ | ४८ | ५७८.०२ | ११ | ५९,६६ | ७५ | ७१५.९० | जामुन्य राष्ट्रिय वन चौकुने ३, सुर्खेत |
| | असना | १७ | २८५.२९ | २८ | ३००.०१ | | | ४५ | ५८५.३० | |
| | बोट धाइरो | | | २ | १४.४३ | | | २ | १४.४३ | |
| | अल्दु | | | ६ | ९३.४७ | | | ६ | ९३.४७ | |
| | जम्मा | | | | | | | १२८ | १४०५.१० | |
| २/२९ | साल | ६ | ८४.५९ | ६६ | ६१२.३४ | २७ | १३१.२७ | ९९ | ८२८.२० | |
| | असना | | | १८ | १५१.९५ | | | १८ | १५१.९५ | |
| | जम्मा | | | | | | | ११७ | ९८०.१५ | |
| ३/प्लट नं.९ | विभिन्न | काठ | ३१८०.१३ | | | | | | ३१८०.१३ | पिप्लेबाँस राष्ट्रिय वन, बराहताल ४, सुर्खेत |
| | विभिन्न | दाउरा | ३.२४ | | | | | | ३.२४ | |



# Damak Municipality
## Office of Municipal Executive

Damak, Jhapa
1 No. Province, Nepal

**Invitation for Online Bids**

**Date of publication: 2022-04-10 A.D. (2078-12-27 B.S.)**

1) Damak Municipality, Damak, Jhapa invites online bids under e-procurement system from eligible bidders for the following works:

